लोकतन्त्रप्रति पूर्ण समर्पित

साप्ताहिक

नयाँ बिमर्श

Naya Bimarsha Weekly

प्रेस काउन्सिल नेपालबाट "क" वर्गमा वर्गीकृत

अर्थमन्त्री वाग्ले अन्धो राष्ट्रवादले आलोचित



काठमाडौं/ अर्थमन्त्री स्वर्णिम वाग्ले राष्ट्रिय स्वतन्त्र पार्टीमा तेश्रो वरियता र सरकारमा दोश्रो वरियताका मन्त्री हुन्। गोरखामा जन्मेर तनहुँ १ बाट २ पटक सांसद (२०७९ र २०८३) तथा एक पटक मात्र अर्थमन्त्री २०८२ चैतमा भएपछि अहिले पनि कार्यरत नै छन्। प्राप्तिको पछि लागेर आफ्नो मात्र फाइदा हेर्ने अर्थमन्त्री वाग्ले यसअगाडि थुप्रै लाभका पदहरुमा बसेर काँग्रेसबाट रास्वपा प्रवेश गरेका व्यक्ति हुन्।

श्रीमती समेत विदेशी विवाह गरेका अर्थमन्त्री वाग्लेलाई यतिबेला अन्धो र नक्कली राष्ट्रवादले पिरेको छ। हिजो आज राष्ट्रिय स्वतन्त्र पार्टीका नेताहरु पार्टी अध्यक्ष रवि लामिछाने, प्रधानमन्त्री बालेन्द्र शाह (बालेन) र अर्थमन्त्री स्वर्णिम वाग्लेलाई आपूहरु चोखो, इमान्दार र


बाँकी ५ पृष्ठमा

वर्ष २०, अंक १४, २०८३ कार्तिक १३ गते शुक्रबार (Oct. 30, 2026) मू.अ.क.नं.३०४९७३८१५ मूल्य रू.१०।- (संस्थागत रु.१५।-) website: www.nayabimarsha.com

सरकार ढाल्ने कसरतमा 'कम्युनिष्ट'

बालेन चनाखो

छिमेकी रिझाउने प्रयास



भक्तपुर/ मुलुकको राजनीति फेरि सडकतिर मोडिने संकेत देखिन थालेको छ। निर्वाचनबाट बलियो हैसियतसहित सत्तामा पुगेको राष्ट्रिय स्वतन्त्र पार्टी नेतृत्वको सरकारको उमेर एक वर्ष पनि नपुग्दै सरकारविरोधी मोर्चाबन्दीको चर्चा चुलिन थालेको हो। त्यसको अग्रभागमा विगतमा पटक-पटक सरकारको नेतृत्व गरिसकेका कम्युनिष्ट घटक देखिन थालेका छन्। संसद्को प्रमुख प्रतिपक्ष नेपाली काँग्रेसले तत्काल सत्ता परिवर्तनलाई आफ्नो मूल राजनीतिक कार्यसूची बनाएको नदेखिए पनि नेकपा (एमाले) र पुष्पकमल दाहाल नेतृत्वको नेकपातर्फबाट आन्दोलनको भाषा बाक्लिँदै गएको छ। यसले तिहारपछिको राजनीतिक वातावरण संसद्भन्दा सडकमा बढी तात्ने हो कि भन्ने प्रश्न जन्माएको छ।

यसपटकको राजनीतिक परिस्थिति भने विगतका सत्ता परिवर्तनको जस्तो सहज छैन। सरकार सामान्य बहुमतको टेकोमा उभिएको छैन। रास्वपाको संसदीय उपस्थिति यति बलियो छ कि बाहिरका दलहरूले इच्छा गर्दैमा सरकारको अंकगणित उल्टिने अवस्था छैन। त्यसैले विपक्षी शक्तिका लागि सिंहदरबार पुग्ने छोटो बाटो संसद्भन्दा तत्काल उपलब्ध देखिँदैन। यही कारण आन्दोलनको कुरा केवल सरकार फेर्ने प्रयास हो कि त्यसको पछाडि गुमेको राजनीतिक प्रभाव पुनःस्थापित गर्ने दीर्घकालीन योजना पनि छ भन्ने बहस शुरु भएको छ।

एमालेका अध्यक्ष खड्गप्रसाद शर्मा ओलीले पछिल्ला राजनीतिक अभिव्यक्तिमा आन्दोलनको आवश्यकता औंल्याउँदै आएका छन्। पुष्पकमल दाहाल र उनीसँग रहेका नेताहरूबाट पनि सरकारविरुद्ध दबाब बढाउने भाषा सुनिएको छ। यी दुई धारबीच पुराना तिक्तता नभएका होइनन् तर राजनीतिमा कहिलेकाहीं मित्रताभन्दा साझा चुनौतीले शक्तिलाई नजिक ल्याउँछ। अहिले उनीहरूका लागि सबैभन्दा ठूलो साझा चुनौती रास्वपाको उदय हुन सक्छ।

पछिल्लो राजनीतिक परिवर्तनले सत्ता मात्र बदलेको छैन, पुराना दलको परम्परागत मताधारमा समेत प्रश्न खडा गरेको छ। लामो समय एमाले, माओवादीसहितका वाम दलले आफ्नो प्रभाव क्षेत्र ठानेका ठाउँमा नयाँ राजनीतिक शक्तिले प्रवेश गरेको छ। त्यसैले वर्तमान सरकार सफल वा असफल हुनु बालेनको व्यक्तिगत राजनीतिक भविष्यसँग मात्र जोडिएको छैन। यसको असर पुराना दलको आगामी चुनावी भविष्यसम्म पुग्न सक्छ।

सरकारले काम गरेर जनविश्वास बढायो भने नयाँ शक्तिप्रतिको आकर्षण थप बलियो हुन सक्छ। सरकार विवादमा फस्यो, जनअपेक्षा पूरा गर्न सकेन वा सत्तारूढ दलभित्रै समस्या देखियो भने पुराना दललाई पुनरागमनको आधार बन्न सक्छ। यही कारण अहिले सुनिएको आन्दोलनको स्वरभित्र सत्ता परिवर्तनको चाहनासँगै आगामी राजनीतिक मैदान सुरक्षित गर्ने चिन्ता पनि मिसिएको हुनसक्छ।

राजनीतिक विश्लेषकहरूका दृष्टिमा बलियो संसदीय संख्या भएको सरकारलाई बाहिरको प्रदर्शनले मात्रै विस्थापित गर्न कठिन हुन्छ। यस्तो सरकार संकटमा पर्ने मुख्य अवस्था सत्तारूढ शक्तिभित्रै विभाजन उत्पन्न हुँदा हो। त्यसैले अहिले विपक्षी गतिविधिभन्दा बढी चासो रास्वपाभित्र प्रधानमन्त्री बालेन्द्र शाह र पार्टी सभापति रवि लामिछानेबीचको सम्बन्धतर्फ जान थालेको छ।

यही ठाउँमा पछिल्लो राजनीतिक चर्चाले अर्को मोड लिएको छ। रवि र बालेन फरक राजनीतिक पृष्ठभूमिबाट आएका पात्र हुन्। एक जना पार्टी संगठनको नेतृत्वमा छन् भने अर्का सरकारको केन्द्रमा। एउटै दलभित्र यी दुई शक्तिशाली केन्द्रबीच समन्वय राम्रो भयो भने त्यो रास्वपाको शक्ति बन्न सक्छ तर प्रतिस्पर्धा बढ्यो भने त्यही संरचना सरकारको कमजोरी बन्न सक्छ।

लामिछानेको पछिल्लो भारत भ्रमणलाई लिएर यही कारण अनेक अर्थ लगाइएका छन्। उनको भ्रमणलाई बालेनसँगको सम्बन्ध, पार्टीभित्रको शक्ति सन्तुलन र भविष्यको नेतृत्वसँग जोडेर हेर्नेहरू पनि छन्। त्यसलाई सरकार परिवर्तनको योजनासँग जोड्ने भरपर्दो प्रमाण सार्वजनिक भइसकेको छैन। राजनीतिक संयोगलाई प्रमाण मान्न थालियो भने विश्लेषणभन्दा अनुमान बलियो हुन्छ। त्यसैले रविको भारत यात्रालाई लिएर उठेका प्रश्नलाई प्रश्नकै रूपमा राख्नु अहिले बढी उचित हुन्छ।

एउटा प्रश्नचाहिँ टार्न सकिँदैन, त्यो के भने रास्वपामा अन्तिम राजनीतिक शक्ति कहाँ केन्द्रित हुनेछ ? सरकार चलाउने बालेनसँग राज्यशक्ति छ। पार्टी चलाउने रविसँग संगठन छ। यी दुई शक्ति परस्पर सहयोगी रहे सरकार झन् बलियो हुन्छ। एकअर्काको विकल्प बन्न थाले भने विपक्षी दलहरूले खोजिरहेको राजनीतिक अवसर यहींबाट पैदा हुन सक्छ।

प्रधानमन्त्री बालेन पनि यो संवेदनशीलता नबुझ्ने अवस्थामा छैनन्।

बाँकी ५ पृष्ठमा

पूर्वाधार सचिव नहुँदा सडकको सरुवा रोकियो



काठमाडौं/ पूर्वाधार विकास मन्त्रालयले आफ्नो नेतृत्वको विभागमा २ वर्ष पुगेका -प्रथम श्रेणी) र द्वितीय श्रेणीमा कार्यरत सिडिईहरुमध्ये शहरी तथा भवन निर्माण विभागका ३७ जना सिडिईहरु सरुवा गरेको छ। अन्य दुईवटा विभागहरुमध्ये खानेपानी तथा ढल व्यवस्थापन विभागको संगठन व्यवस्थापन तथा सर्वेक्षण (ओ एण्ड एम) पारित नहुँदा सरुवा हुन सकेको छैन।

विभागहरुमध्ये महत्वपूर्ण र आकर्षक मानिने सडक विभागको सरुवा मुख-मुखमा पुगेको स्रोतले बताएको छ। पूर्वाधार सचिव विदेश (चीन) मा भएका कारण रोकिएको सरुवा आगामी तिहारअघि हुने समाचार श्रोतले जानकारी दिएको छ। सडक विभागको सरुवामा २-३ जना सुपरीटेण्डेन्ट इन्जिनियर (सुई) र २ दर्जन बढी सिडिईहरुको सरुवा हुने तयारी भैरहेको

बाँकी ५ पृष्ठमा

एमाले नयाँ राजनीतिक यात्रातर्फ

ललितपुर/ नेपालको राजनीतिमा कुनै दलको अवस्था बुझ्न उसको कार्यालयमा भएका बैठक, थपिएका सदस्य वा भएका शपथ समारोह मात्र हेरेर पुग्दैन। कहिलेकाहीं साना देखिने संगठनात्मक निर्णयले ठूलो राजनीतिक संकेत बोकेका हुन्छन्। अहिले नेकपा (एमाले) मा देखिएको गतिविधिलाई पनि यही कोणबाट हेर्नुपर्ने अवस्था छ। पार्टीभित्र जिम्मेवारीको पुनर्विन्यास भइरहेको छ, नेतृत्वको पुरानो पुस्ता अझै प्रभावशाली छ, नयाँ पुस्तालाई अघि ल्याउने कुरा पनि भइरहेको छ र पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी सक्रिय राजनीतिक संरचनामा फर्किएकी छिन्। यी सबै घटनाको जोड कहाँ पुग्छ भन्ने प्रश्न नै अहिले एमालेको वास्तविक चासो हो।

एमालेको विगत हेर्दा उसको सबैभन्दा ठूलो शक्ति संगठन हो। आजको राजनीति हिजोको संगठनले मात्र धानिँदैन। मतदाताको रुचि बदलिएको छ, राजनीतिक दलप्रतिको धैर्य घटेको छ र नयाँ पुस्ताले नेताको इतिहासभन्दा भविष्यको योजना हेर्न थालेको छ। सामाजिक सञ्जालले राजनीतिक संवादको स्वरूप बदलिदिएको छ। नागरिकले पार्टी कार्यालयभन्दा बाहिरबाट प्रश्न गरिरहेका छन्। यस्तो समयमा एमालेले आफ्नो पुरानो संगठनलाई जोगाएर मात्र पुग्दैन, त्यस संगठनलाई नयाँ पुस्तासँग जोड्ने राजनीतिक भाषा पनि निर्माण गर्नुपर्छ।

अध्यक्ष खड्गप्रसाद शर्मा ओलीको पछिल्लो सक्रियतालाई पनि यही पृष्ठभूमिमा बुझ्न सकिन्छ। उनी अझै एमालेको सबैभन्दा प्रभावशाली राजनीतिक केन्द्रका रूपमा छन् र पार्टीलाई सक्रिय राख्ने प्रयासमा देखिन्छन्। पछिल्ला

बाँकी ५ पृष्ठमा

कांग्रेस इतरपक्षको सभापति को होला ?

कृष्ण लम्साल



काठमाडौं/ यतिबेला नेपाली काँग्रेस संस्थापन इतरपक्ष अर्थात् को.दे. (कोइराला-देउवा) समूहको सामान्तर अधिवेशन धमाधम चलिरहेको छ। गत असोज १४ गतेबाट शुरु भएको वडा अधिवेशन पालिका, क्षेत्र र जिल्लाहरुमा भै रहेको छ। आगामी मंसिर २१, २२ र २३ गते १५औं महाधिवेशन हालै भएको काग्रेसकै झल्को दिने र टक्करमा गरिने इतरपक्षले बताएको छ।


देउवा समूहले बनाउने सभापति, उपसभापति र महामन्त्री को होलान् भनी काँग्रेसवृत्तमा चासो बढेको छ। संस्थापन पक्षका काँग्रेस सभापति गगन कुमार थापालाई माथ गर्ने हिसाबले युवा नै आउलान् कि बृद्धहरु शशांक कोइराला, विमलेन्द्र निधि र प्रकाशमान सिंहमध्येबाट सभापति बन्लान् भन्ने छलफल व्यापक रुपमा चलेको छ। सर्वोच्च अदालतबाट आधिकारिक निर्णय वा फैसला नआउञ्जेल सामानान्तर नामाकरण गरिएको को.दे. समूह निर्णय आएपछि चोइटिएर जाने र बी.पी. काँग्रेसजस्तै बन्ने जानकारहरुले बताएका छन्।

काँग्रेस चोइटिँदा वा सिंगो काँग्रेस विभाजन हुँदा निश्चितरुपमा असर पर्ने देखिन्छ। हालै भएको कांग्रेसको महाधिवेशनमा पद नपाएका र हारेकाहरुलाई यो समूहले धमाधम भित्र्याएर स्वागत सत्कार गरिरहेको चर्चा चलेको छ। संस्थापन इतर पक्षको नीति, विधि र निर्वाचन रणनीति के होला, कस्तो होला ? एमाले वा माओवादीसँग मिलेर स्थानीय चुनाव लड्का कि के गर्ला जस्ता थुप्रै प्रश्नहरु शुरु भएका छन्। राजनीतिमा प्राप्तिको लागि जेजस्तो पनि जायज हुने भएकाले बी.पी. कोइरालाका पुत्र शशांक कोइराला के गर्लान् अर्थात् काँग्रेस नै छाडेर नजालान् तर गणेशमान पुत्र प्रकाशमान र महेन्द्रनारायण निधि पुत्र विमलेन्द्र चाहिँ सभापति बन्न सक्ने काँग्रेसका जानकारहरुले बताएका छन्।

यी नभए युवापुस्ताका जितजंग बस्नेत र कास्कीका गुरु बरालको नाम चर्चामा छ। थापालाई

बाँकी ५ पृष्ठमा

गीत र कविता : शब्दबाट जन्मिने फरक अनुभूति



प्रसङ्गवश

कौशल कुमार भट्टराई

विगतका मेरा लेखहरुमा मैले राजनीतिक घटनाक्रम तथा अन्य विषयबस्तुलाई समेट्ने गरेको थिएँ। आजको लेखमा भने साहित्यिक विषयमा कलम चलाउने जमर्को गरेको छु। खासगरी गीत र कविताको विषयमा साहित्यकारदेखि श्रोता, पाठकसम्म अल्मलिने चलन छ। त्यसैले आजको यो लेखमार्फत गीत र कविताका विषयमा केही जानकारी गराउने प्रयास गरेको छु।

मानिसले आफ्नो मनको कुरा अरूलाई सुनाउन थालेदेखि नै शब्दले अनेक रूप धारण गर्दै आएको छ। कहिले त्यो कथा बनेर आयो, कहिले संवाद, कहिले प्रार्थना र कहिले गीत वा कविता। आफूलाई लागेको कुरा सिधै भन्नुभन्दा त्यसलाई भाव, लय, कल्पना र सौन्दर्य मिसाएर व्यक्त गर्ने चाहनाले गीत र कवितालाई जन्म दियो। त्यसैले गीत र कविता दुवैलाई केवल साहित्यका विधा भनेर मात्र बुझ्नु पर्याप्त हुँदैन। यी मानिसले आफ्ना भित्री अनुभूति, बाहिरी संसार र समयसँगको सम्बन्ध व्यक्त गर्ने कलात्मक माध्यम पनि हुन्। प्रेममा परेको मानिसले गीत गाउन सक्छ, त्यही प्रेमलाई कविता बनाएर कागजमा उतार्न सक्छ। दुःखमा परेको मानिसले गीतमा आफ्नो पीडा पोख्न सक्छ वा केही शब्दमै त्यस्तो अनुभूति व्यक्त गर्न सक्छ, जसले पाठकलाई समेत आफ्नो पीडा जस्तै लागोस्। यही समानताका कारण गीत र कविता नजिक देखिन्छन्, तर तिनको यात्रा र प्रस्तुतिको ढाँचा भने एउटै हुँदैन।

कविता के हो ? यसको एउटा मात्र अन्तिम परिभाषा दिन कठिन छ। सामान्य अर्थमा भन्नुपर्दा, मानिसको अनुभूति, विचार, कल्पना वा दृष्टिलाई साधारण बोलीभन्दा बढी कलात्मक र प्रभावकारी ढंगले शब्दमा प्रस्तुत गरिएको सिर्जना कविता हो। कवितामा घटना हुनैपर्छ भन्ने छैन, कथा हुनैपर्छ भन्ने पनि छैन। एउटा दृश्य, एउटा स्मृति, एउटा प्रश्न, एउटा पीडा वा एउटा सानो अनुभूतिले पनि कविता जन्माउन सक्छ। उदाहरणका लागि, 'आमा वृद्ध हुँदै गइन्' भन्नु एउटा सामान्य सूचना हो तर 'आमाको कपालमा उम्रिएको सेतोपनसँगै मेरो बाल्यकाल पनि बूढो हुँदै रहेछ' भनियो भने त्यही भावले अर्को गहिराइ प्राप्त गर्छ। कविताको शक्ति यहीं हुन्छ –उसले सामान्य दृश्यलाई असामान्य अनुभूतिमा बदल्न सक्छ। कविता छन्दमा मात्र लेखिनुपर्छ भन्ने पुरानो धारणा पनि अहिले पर्याप्त छैन। निश्चित मात्रा र लयमा लेखिएका छन्दवद्ध कवितासँगै स्वतन्त्र लयमा लेखिने मुक्तछन्द र गद्यको नजिक पुग्ने कवितात्मक रचनाले पनि साहित्यमा आफ्नो स्थान बनाएका छन्।

बाँकी ५ पृष्ठमा



लोकतन्त्रप्रति पूर्ण समर्पित
साप्ताहिक
नयाँ विमर्श
Naya Bimarsha Weekly

मेरो राहदानी तयार छ, निर्णय अझै तयार छैन

रामेश अधिकारी

आज बिहान कलेज पुग्दा हाम्रो बेन्चको छेउ फेरि खाली थियो। पहिले हामी पाँच जना त्यही वरिपरि बसेर चिया खाने, नोट साट्ने र शिक्षक नआएको दिन संसारभरिका गफ गर्ने गथ्र्यौं। अहिले पाँचमध्ये दुई जना मात्रै बाँकी छौं। सुमन अष्ट्रेलिया पुगिसक्यो। प्रवेश क्यानडा गएको तीन महिना भयो। निशाको भिजा आएको छ, ऊ अर्को महिनाको पहिलो साता बेलायत जाँदैछे। मचाहिँ अझै काठमाडौंमै छु।

मेरो राहदानी बनेको छ। शैक्षिक प्रमाणपत्रहरू एउटा फाइलमा मिलाएर राखेको छु। अंग्रेजी भाषा परीक्षाको तयारी पनि गरिरहेको छु। मोबाइल खोल्दा कहिले अष्ट्रेलियाको विश्वविद्यालय हेर्छु, कहिले क्यानडाको कलेज खोज्छु, कहिले अमेरिका पुगेका नेपाली विद्यार्थीका अनुभव सुन्छु। राति सुत्ने बेला भने एउटा प्रश्न आएर टाउकोमा बस्छ कि म साँच्चै पढ्न विदेश जान खोजिरहेको छु कि सबै साथी गइरहेका कारण मलाई पनि जानैपर्छ जस्तो लागेको हो ?

यो प्रश्नको उत्तर अहिलेसम्म भेटेको छैन।

मेरो परिवारलाई गरिब भन्न मिल्दैन, धनी त भन्नु हुँदै होइन। बुबाको सानो व्यवसाय छ। आमाले घर सम्हाल्नुहुन्छ। काठमाडौंको बाहिरी क्षेत्रमा हाम्रो सानो घर छ, त्यसको ऋण अझै केही बाँकी छ। मैले विदेश जाने कुरा पहिलोपटक घरमा सुनाउँदा बुबाले तुरुन्तै 'हुँदैन' भन्नुभएन।

उहाँले यत्ति भन्नुभयो, "राम्रोसँग बुझेर निर्णय गर। तिमीलाई पढाउन सक्ने जति गर्छौं। तर अरूको छोरो गयो भन्दैमा हाम्रो छोरो पनि जानैपर्छ भन्ने छैन।"

त्यो वाक्य सामान्य थियो, तर मलाई गह्रौं लाग्यो।

मलाई थाहा छ, मेरो विदेश अध्ययनको खर्च जुटाउन बुबाले बैंक धाउनुपर्ने हुन सक्छ। केही बचत निकाल्नुपर्नेछ। ऋण थप्नुपर्ने अवस्था पनि आउन सक्छ। उहाँले मेरो अगाडि चिन्ता देखाउनुहुन्न तर राति खाना खाइसकेपछि क्यालकुलेटर लिएर हिसाब गरिरहेको देख्दा मलाई थाहा हुन्छ कि मेरो सपना केवल मेरो होइन, त्यसको मूल्य परिवारले पनि तिर्नुपर्नेछ।

अर्कोतर्फ साथीहरूको संसार हेर्‍यो भने विदेश नगई भविष्य नै बन्द हुन्छ कि जस्तो लाग्छ।

सुमन अष्ट्रेलिया पुगेपछि शुरुका दिन निकै रमाइला फोटो पठाउँथ्यो। सफा सडक, ठूलो विश्वविद्यालय, समुद्र किनार र अग्ला भवन। मैले जिस्क्याएर सोधेको थिएँ, "अब त जिन्दगी बन्यो है?"

उसले हाँस्दै लेखेको थियो, "फोटो हेर्न जिन्दगी ननाप्।"

केही दिनपछि लामो कुरा भयो। उसले पढाइसँगै काम मिलाउन गाह्रो भएको, कोठाभाडा महँगो भएको र कहिलेकाहीं राति अबेरसम्म काम गरेर बिहान कलेज पुग्नुपरेको सुनायो।

"यहाँ आएपछि पैसा टिप्ने होइन रहेछ," उसले भन्यो, "कमाउन पाइन्छ, तर त्यसका लागि समय र शरीर दुवै खर्च हुन्छ।"

त्यो कुरा सुनेपछि मेरो विदेश जाने उत्साह केही घट्यो।

दुई दिनपछि क्यानडामा रहेको मामाको छोरासँग कुरा भयो। उसको कुरा ठीक उल्टो थियो।

"आउन सक्ने हो भने आइहाल," उसले भन्यो, "शुरुको दुःख जहाँ पनि हुन्छ तर यहाँ exposure छ। पढाइसँगै आफैं बन्न सिकिन्छ। नेपालमै बसेर सोचिरहँदा वर्ष बित्छ।"

उसको कुरा सुनेपछि फेरि विदेश ठीक लाग्यो।

त्यसपछि जापानमा रहेको अर्को दाइसँग कुरा गर्दै। उनले भाषा नजानी हतारमा नआउन भने। अमेरिकामा पढिरहेकी दिदीले विषय र विश्वविद्यालय नहेरी देश मात्र रोज्नु सबैभन्दा ठूलो गल्ती हुने बताइन्। बेलायत पुगेको साथीले पढाइ छोटो भएकाले आफूलाई ठीक लागेको भन्यो तर खर्च सोचेभन्दा बढी भएको सुनायो।

एउटै प्रश्न लिएर पाँच जनालाई फोन गर्दा पाँचवटा उत्तर आए।

अनि मेरो दोधार झन् बढ्यो।

कहिलेकाहीं मलाई विदेशको आकर्षण पढाइभन्दा स्वतन्त्रतामा बढी छ कि जस्तो पनि लाग्छ। आफ्नो निर्णय आफैं गर्ने, नयाँ मानिस भेट्ने, फरक समाज बुझ्ने, आफ्नै कमाइबाट खर्च चलाउने–यी कुरा मलाई मन पर्छन्। म जीवनभर घरको सुरक्षित घेराभित्र बस्न चाहन्नँ। संसार हेर्न मन छ। आफूलाई कठिन परिस्थितिमा राखेर म वास्तवमा कति सक्षम छु भनेर जाँच्न पनि मन छ तर त्यही कल्पनाको अर्को छेउमा आमा देखिनुहुन्छ।

एक साँझ मैले अष्ट्रेलियाका केही विश्वविद्यालय हेर्दै गर्दा आमा छेउमा आएर बस्नुभयो।

"त्यहाँ पुगेपछि खाना बनाउन आउँछ त ?" उहाँले सोध्नुभयो।

मैले हाँसेर भनैं, "सिकिहालिन्छ नि।"

उहाँ पनि हाँस्नुभयो। एकछिनपछि फेरि सोध्नुभयो, "बिरामी भयौ भने कसले हेर्छ ?"

त्यसको जवाफ मसँग थिएन।

सायद आमालाई विश्वविद्यालयको ranking भन्दा त्यही कुराको चिन्ता छ। बुबालाई बैंक ब्यालेन्सको चिन्ता होला। मलाई भविष्यको। हामी तीनजनाको विदेश एउटै होइन।

अहिले कलेज जाँदा वातावरण नै बदलिएको अनुभव हुन्छ। क्यान्टिनमा पहिले परीक्षा, प्रेम, राजनीति र क्रिकेटको कुरा हुन्थ्यो। अहिले IELTS, PTE, offer letter, scholarship, visa र कुन देशमा कति खर्च लाग्छ भन्ने कुरा बढी हुन्छ। कसैको भिजा आयो भने बधाईको ओइरो लाग्छ। कसैको रोकियो भने सबैले कारण खोज्छन्।

कहिलेकाहीं त नेपालमै बस्ने निर्णय गर्नु असफलताको घोषणा हो कि जस्तो वातावरण बन्छ।

त्यही कुरा मलाई सबैभन्दा बढी खट्किन्छ।

विदेश जानु सफलता हो भने नेपाल बस्नु के हो ? अनि विदेश नजानु पछाडि पर्नु हो भने आफ्नो देशमा बसेर राम्रो काम गरिरहेका हजारौं मानिसलाई कहाँ राख्ने ?

फेरि आफ्नै मनले अर्को प्रश्न गर्छ कि देशप्रेमको कुरा गरेर आफ्नो अवसर किन रोक्ने ?

यही दुई प्रश्नबीच म धेरै रात निदाउन सकेको छैन।

एक दिन कलेजबाट फर्किंदा विमानस्थल जाने सडकमा एउटा ट्याक्सी मेरो अगाडि रोकियो। डिक्कीमा दुई ठूला सुटकेस थिए। पछाडिको सिटमा मेरो उमेरकै जस्तो देखिने एउटा केटा बसेको थियो। बाहिर उभिएकी उसकी आमाले झ्यालबाट हात समातिरहेकी थिइन्। गाडी अगाडि बढ्दा उनले निकै बेरसम्म हात हल्लाइरहिन्।

म केही क्षण त्यहीं उभिएँ।

मलाई अचानक आफ्नो विदेश यात्राको कल्पना भयो। सुटकेस तयार होला। साथीहरू बिदाइ गर्न आउलान्। आमाले अन्तिम समयमा 'खाना समयमा खानू' भन्नुहोला। बुबाले धेरै नबोली काँधमा हात राख्नुहोला। विमानस्थलभित्र पसेपछि पहिलोपटक म एक्लै हुनेछु।

त्यो कल्पनाले उत्साहित पनि बनायो, डर पनि लाग्यो।

सायद विदेश जाने निर्णय विश्वविद्यालय छान्ने निर्णय मात्र होइन रहेछ। आफूले चिनेको संसार केही समयका लागि छोड्ने निर्णय पनि रहेछ।

म विदेश गएँ भने त्यहाँ केवल विद्यार्थी भएर बस्ने छैन। कोठा खोज्नुपर्नेछ, खाना बनाउनुपर्नेछ, काम र पढाइ मिलाउनुपर्ने हुन सक्छ। थाक्दा आफैंलाई सम्हाल्नुपर्नेछ। नेपालमा पाँच मिनेटमा आमालाई भन्न सकिने समस्या त्यहाँ रातभरि आफैंसँग राख्नुपर्ने हुन सक्छ।

त्यसैले त मान्छे परिपक्व हुन्छ कि ? मलाई थाहा छैन। अहिले मेरो टेबलमा तीनवटा कुरा सँगसँगै छन् – कलेजको परिचयपत्र, राहदानी र बुबाले बैंकबाट ल्याउनुभएको एउटा कागज। तीनै बस्तुले तीन फरक बाटो देखाइरहेजस्तो लाग्छ। परिचयपत्रले भन्छ– अहिलेको पढाइ पूरा गर। राहदानीले भन्छ– संसार खुला छ, निस्केर हेर। बैंकको कागजले सम्झाउँछ– हरेक सपनाको आर्थिक हिसाब पनि हुन्छ।

सायद मेरो पुस्ताको समस्या विदेश जान चाहनु मात्र होइन। किन जान चाहन्छौं भन्ने कुरा आफैंलाई स्पष्ट नहुनु ठूलो समस्या हो।

साथी गएको भएर जाने हो भने त्यो मेरो निर्णय होइन। सामाजिक सञ्जालमा राम्रो जीवन देखेर जाने हो भने त्यो पनि अधुरो निर्णय हो। विदेश पुगेपछि तुरुन्तै पैसा कमाइन्छ भन्ने सोचले जाने हो भने झन् जोखिमपूर्ण हुन्छ तर आफूले पढ्न चाहेको विषय, खोजेको अवसर र बन्न चाहेको मानिसको स्पष्ट चित्र लिएर जाने हो भने विदेश एउटा राम्रो बाटो हुन सक्छ।

मैले अहिले विदेश नजाने निर्णय गरेको पनि छैन। जाने निर्णय पनि गरिसकेको छैन।

एउटा निर्णयचाहिं गरेको छु कि अरूको विमानको टिकट हेरेर म आफ्नो गन्तव्य तय गर्दिनँ।

पहिले म के पढ्न चाहन्छु भन्ने निश्चित गर्छु। त्यसपछि कुन देश र विश्वविद्यालयले त्यो अवसर दिन्छ हेर्छु। खर्चको वास्तविक हिसाब निकाल्छु। परिवारले धान्न सक्ने र मैले जिम्मेवारी लिन सक्ने सीमाबीच बसेर निर्णय गर्छु। छात्रवृत्तिको सम्भावना खोज्छु। अनि मात्र आवेदन दिन्छु।

ढिलो होला।

सायद अर्को वर्षसम्म मेरा अहिलेका अधिकांश साथी विदेश पुगिसक्नेछन्। कलेजको हाम्रो पुरानो बेन्चमा म एक्लै पनि बाँकी रहन सक्छु।

अहिले मलाई त्यो कुराको डर पहिलेभन्दा कम लाग्छ किनकि जीवनको दौड विमानस्थलको प्रस्थान कक्षबाट शुरु हुँदैन। कोही बीस वर्षमै देश छोड्छ, कोही पच्चीसमा जान्छ, कोही जाँदै जाँदैन। गन्तव्य एउटै नभएपछि सबैको प्रस्थान समय पनि एउटै हुनुपर्ने कारण छैन।

राहदानी मेरो दराजमा सुरक्षित छ। कहिलेकाहीं निकालेर हेर्छु। सम्भवतः कुनै दिन त्यसमा अर्को देशको भिजा लाग्नेछ र म पनि दुईवटा सुटकेस लिएर विमानस्थलतिर लाग्नेछु।

त्यो दिन म केवल 'मेरा साथीहरू सबै गए' भनेर जाने छैन। मलाई कहाँ जानु छ र किन जानु छ भन्ने उत्तर लिएर मात्र जानेछु किनकि विदेश पुग्नु आफैंमा भविष्य होइन रहेछ। भविष्य त जहाँ पुगे पनि आफूले बनाउने रहेछ।

When Americans and Germans Fought on the Same Side in WWII

P. Pilgrim

In the final days of World War II, an extraordinary battle took place at Castle Itter in the Austrian Alps. It was a battle that reminds us of a profound spiritual truth: sometimes, rescue comes from the most unexpected place, and those once divided can stand together against a common enemy. In this remarkable story, we can see a picture of the greater rescue that Jesus Christ offers to sinful mankind, bringing us into fellowship with God.



Castle Itter had been turned into a prison by the Nazis during the war, holding several prominent French prisoners, including a tennis champion and relatives of important French leaders. By May 4, 1945, the Nazi guards had fled, leaving the prisoners vulnerable. Although they were free to leave, danger remained as SS troops were approaching and determined to kill them. Help came from a very unusual source, it came through Josef Gangl, a German Wehrmacht officer who had become disillusioned with the Nazi regime. Recognising the danger facing the prisoners, Gangl sought assistance from nearby American forces. An American tank unit agreed to help, and soon American soldiers and German troops were preparing to defend the castle together. Men who had been enemies found themselves united against a greater threat. On May 5, 1945, the Battle of Castle Itter unfolded. The defenders, greatly outnumbered by the attacking SS forces, fought courageously to protect the prisoners. American soldiers and German defenders stood shoulder to shoulder. Their unlikely alliance demonstrated that former enemies could unite for a purpose greater than their differences. The battle ended in victory for the defenders, although Josef Gangl lost his life and was the only casualty on the defender's side of the battle.

This remarkable event points us toward an even greater rescue: the work of Jesus Christ in saving sinful mankind. The Bible teaches that humanity's deepest problem is not merely conflict between nations or people, but separation from God because of their sin. Romans 3:23 declares, "For all have sinned, and come short of the glory of God;" Every one of us stands guilty before a holy God. Like the prisoners at Castle Itter, we cannot deliver ourselves from the danger we face and our sin brings condemnation and separation from God. Therefore, we need a Rescuer. Showing His love, God sent His Son to save sinners. Jesus Christ came into this world, lived without sin, and willingly gave His life on the cross to bear the penalty of our sins. Romans 5:8 proclaims, "But God commendeth his love toward us, in that, while we were yet sinners, Christ died for us." At Castle Itter, the prisoners needed someone willing to risk their lives to defend them. In a far greater way, Jesus Christ willingly laid down His life to rescue us from sin and judgment. 1 Peter 3:18 says, "For Christ also hath once suffered for sins, the just for the unjust, that he might bring us to God." The apostle Peter makes specific note of the purpose: that he might bring us to God. Christ did not merely come to remove our guilt; He came to restore our relationship with the Father. The defenders of Castle Itter stood together because a rescue was needed. The gospel tells us that Jesus came to do what we could never accomplish for ourselves. Ephesians 2:13 declares, "But now in Christ Jesus ye who sometimes were far off are made nigh by the blood of Christ." Sin has separated us from God, but Christ brings believers near to God. Through faith in Jesus, we are reconciled to God and welcomed into His family.

The Battle of Castle Itter reminds us that rescue can come from the most unexpected place and when hope seems lost. However, the cross of Jesus Christ is the greatest rescue in history. He came for the guilty, died for the ungodly, and rose again so that sinners might be forgiven and brought into fellowship with God. I wonder, have you seen your danger and been rescued? If not, scripture says 'And call upon me in the day of trouble: I will deliver thee,..." psa50v15.

pilgrimway101@yahoo.com

अधिवक्ता तथा सह–प्राध्यापक गम्भीर बहादुर हाडाको बृहस्पति पुस्तक प्रकाशन तथा अन्य प्रकाशनबाट ग्रामीण विकास सम्बन्धी कक्षा ११, १२, स्नातक तह तथा स्नातकोत्तर तहको प्रकाशित पुस्तकहरु

- **गम्भीर बहादुर हाडा, ग्रामीण अर्थशास्त्र** (Rural Economics) Class 12-Text Book, **रत्न सागर प्रकाशन प्रा.लि., डिल्लीबजार, काठमाडौं, नेपाल, प्रथम संस्करण, २०६९ असार।**
- **गम्भीर बहादुर हाडा, ग्रामीण अर्थशास्त्र** (Rural Economics) Eco.Edu.322, **त्रिभुवन विश्व विद्यालय शिक्षा शास्त्र संकाय अन्तर्गत तेश्रो वर्ष ग्रामीण अर्थशास्त्र** (Eco-Edu.322) **को नयाँ पाठ्यक्रममा पूर्ण रुपमा आधारित पाठ्यपुस्तक, बृहस्पति पुस्तक प्रकाशन, चाबहिल, काठमाडौं, तेश्रो संस्करण २०६९, वैशाख।**
- **उच्च माध्यमिक शिक्षा परिषद्को कक्षा १२ ग्रामीण अर्थशास्त्र** (Rural Economics) **को नयाँ पाठ्यक्रममा आधारित पाठ्यपुस्तक** A Text Book on **ग्रामीण अर्थशास्त्र** Rural Economics, Class 12
- **गम्भीर बहादुर हाडा, गंगादत्त नेपाल, ग्रामीण विकास सिद्धान्त अवधारणा र नीतिहरु** (Rural Development: Theories, Concept and Policies) **दीक्षान्त पुस्तक प्रकाशन, कीर्तिपुर, काठमाडौं, नेपाल, प्रथम संस्करण २०६२, श्रावण-स्नातक तह प्रथम वर्ष-ग्रामीण विकास-** Code No..
- **गम्भीर बहादुर हाडा, नेपालको ग्रामीण अर्थशास्** **त्र, स्नातक तह ग्रामीण विकास दोश्रो वर्ष** (Rural Economics of Nepal) **स्नातक तह ग्रामीण विकास द्वितीय वर्ष, दिक्षान्त पुस्तक भण्डार, वि.सं. २०६२।**
- **गम्भीर बहादुर हाडा, ग्रामीण स्रोतहरु, वातावरण तथा व्यवस्थापन** (Rural Resources, Environment and Management) **ज्ञानकुञ्ज प्रकाशन, कीर्तिपुर, काठमाडौं, नेपाल, संस्करण २०६३/६४, ग्रामीण विकास–स्नातक तह दोश्रो वर्षको चौथो पत्र।**
- **गम्भीर बहादुर हाडा, भोजेन्द्र अर्याल, ग्रामीण सन्दर्भमा विकास एवं योजना अर्थशास्त्र** (Economics of Development and planning), **दिक्षान्त पुस्तक प्रकाशन, कीर्तिपुर, काठमाडौ, नेपाल, प्रथम संस्करण, २०६२, आश्विन स्नातकोत्तर तह-ग्रामीण विकास- प्रथम वर्ष, प्रथम पत्र** Code No.
- **गम्भीर बहादुर हाडा, ग्रामीण विकासः नीति तथा विधिहरु, आधारित पाठ्यपुस्तक कक्षा ११ को ग्रामीण विकास** (R.D.) **विषयको नयाँ पाठ्यक्रममा पूर्ण रुपमा** Rural Development, Policies and Strategies, **दीक्षान्त पुस्तक प्रकाशन, कीर्तिपुर, काठमाडौं, नेपाल प्रथम संस्करण, २०६२, आश्विन स्नातकोत्तर तह पहिलो वर्ष-ग्रामीण विकास प्रथम वर्ष-दोश्रो पत्र**
- **गम्भीर बहादुर हाडा, ग्रामीण विकास** (Rural Development), **कक्षा-११, बृहस्पति पुस्तक प्रकाशन, चाबहिल, काठमाडौं, प्रथम संस्करण, २०६८, उच्च माध्यमिक शिक्षा परिषद्द्वारा स्वीकृत -दिगो ग्रामीण विकास** (Sustainable Rural Development), **स्नातकोत्तर तह-ग्रामीण विकास दोश्रो वर्ष-त्रिभुवन विश्व विद्यालय स्नातकोत्तर तह ग्रामीण विकास** (RD 507) **को संशोधित नयाँ पाठ्यक्रममा आधारित संस्करण २०६४/०८/१५, कीर्तिपुर, काठमाडौं, नेपाल।**
- **त्रिभूवन विश्व विद्यालयको तीन वर्षे बी.ए.द्वितीय वर्षको ग्रामीण स्रोतहरु, वातावरण तथा व्यवस्थापन** (RD 313) **को नयाँ पाठ्यक्रममा आधारित पाठ्यपुस्तक,**
- **गम्भीर बहादुर हाडा, ग्रामीण स्रोतहरु, वातावरण तथा व्यवस्थापन** (Rural Resources, Environment and Management), **अक्सफोर्ड इन्टरनेशनल पब्लिकेशन प्रा.लि., अनामनगर, काठमाडौं, दोश्रो संस्करण, २०६८।**
- **गम्भीर बहादुर हाडा र राम हाडा, त्रिभुवन विश्वविद्यालयको तीन वर्षे बी.ए., प्रथम वर्षको ग्रामीण विकास** (RD 311), **को नयाँ पाठ्यक्रममा आधारित पाठ्यपुस्तक, ग्रामीण विकास,-सिद्धान्त, अवधारणा र पद्धति** (Rural Development-Theories Approaches and Techniques), **अक्सफोर्ड इन्टरनेशनल पब्लिकेशन प्रा.लि., अनामनगर, काठमाडौं, प्रथम संस्करण, २०६२ वैशाख।**
- **गम्भीर बहादुर हाडा, ग्रामीण अर्थशास्त्र** (Rural Economics), **त्रिभुवन विश्वविद्यालय, शिक्षा शास्त्र संकाय, स्नातक तह तेश्रो वर्षको ग्रामीण अर्थशास्त्र** (Eco.Edu.306) **को पाठ्यक्रममा पूर्ण रुपमा आधारित पाठ्यपुस्तक, बृहस्पति पुस्तक प्रकाशन, चाबहिल, काठमाडौं, नेपाल, संस्करण, २०६५ माघ।**
- **ग्रामीण विकास नीति तथा रणनीति–त्रिभुवन विश्व विद्यालय ग्रामीण विकास विभाग अन्तर्गत स्नातकोत्तर तह पहिलो वर्षको दोश्रो पत्र ग्रामीण विकास-नीति तथा रणनीति** (M.A.RD-512 A) **को नयाँ पाठ्यक्रममा पूर्ण रुपमा आधारित पाठ्यपुस्तक प्रकाशक तथा वितरक-दीक्षान्त प्रकाशन, कीर्तिपुर, काठमाडौं, नेपाल, दोश्रो संस्करण, २०६६।**

विद्यार्थीलाई अतिरिक्त क्रियाकलाप गराउनु परे हामीलाई सम्झिनु होस्

स्कूल तथा कलेजमा अध्ययरत विद्यार्थीहरुलाई अतिरिक्त क्रियाकलापहरु जस्तै :

- हस्तलेखन
- कथालेखन
- नाटकलेखन तथा नाटकको प्रस्तुति
- गायन तथा संगीत
- चित्रकला
- कानूनी ज्ञानहरु
- पत्रकारिताको जानकारी
- उद्घोषण कला
- नाच्ने कला



आदिको ज्ञान दिलाउन चाहनु हुन्छ भने हामी त्यसको व्यवस्थापनको लागि तयार छौं।
हामी तपाईहरुको विद्यालय तथा विद्यार्थीहरुका लागि सबै खाले तालिम, कार्यशाला संचालन गरी तपाइँहरुको आवश्यकता अनुसारका प्याकेजहरु तपाईहरुको अनुकुल समयमा हामी सेवा दिन तयार छौं।

सम्पर्क नं.९८१८६७००८८

क्रियटिभ सेन्टर नेपाल प्रा.लि.

काठमाडौं–११

लोकतन्त्रप्रति पूर्ण समर्पित

साप्ताहिक

नयाँ विमर्श

Naya Bimarsha Weekly



कौशल कुमार भट्टराई | कृष्ण लम्साल | पिएमणि भट्टराई | हरि शरण जमकटेल | गम्भीर ब. हाडा

प्रधान-सम्पादक/प्रकाशक : **कौशल कुमार भट्टराई (९८५११३८२३७)**
सम्पादक : कृष्ण लम्साल (९८५१३२२६३२, ९८४१३५१३५६)
कार्यकारी सम्पादक : पिएमणि भट्टराई (९८४३१०९६२०)
वरिष्ठ संवाददाता: आर. अर्याल
अन्तर्राष्ट्रिय समाचार संयोजक: एस. भट्टराई
सल्लाहकार: सह-प्राध्यापक गम्भीर बहादुर हाडा
कानूनी सल्लाहकार : अधिवक्ता हरि शरण जमकटेल
आई.टी.प्रमुख: स्पन्दन भट्टराई
प्रधान कार्यालय : मध्यपुर थिमी-३, भक्तपुर
काठमाडौँ-कार्यालय : बबरमहल, काठमाडौं, फोन: ०१-४२६७०६४
इमेल : nayabimarsha@gmail.com
मुद्रण : सप्तर्षि पब्लिकेशन प्रा.लि., मित्रपार्क, काठमाडौं

मननीय कुरा

"मानिसको वास्तविक परिचय उसको अनुहार वा सम्पत्तिले होइन, उसको चरित्रले दिन्छ।" – *अब्राहम लिंकन*

"चरित्र भनेको अँध्यारोमा पनि आफूले सही काम रोज्ने क्षमता हो।" – *जोन एफ. केनेडी*

"प्रतिभाले सफलता दिलाउन सक्छ, तर चरित्रले त्यसलाई टिकाइराख्छ।" – *जोन वुडेन*

"असल चरित्र निर्माण गर्नु जीवनको सबैभन्दा ठूलो उपलब्धिमध्ये एक हो।" – *अरस्तु*

"प्रतिष्ठा अरूले तपाईंका बारेमा के भन्छन् भन्ने हो, तर चरित्र तपाईं वास्तवमा को हुनुहुन्छ भन्ने हो।" – *जोन वुडेन*

सम्पादकीय.....

पार्किङको समस्या : सडक होइन, विकल्प खोजौं

काठमाडौं उपत्यकामा सवारीसाधनको संख्या बढ्दै जानु अब नयाँ विषय रहेन। निजी सवारीप्रतिको बढ्दो आकर्षण, सार्वजनिक यातायातको सीमितता, कार्यालय तथा व्यापारिक केन्द्रको केन्द्रीकरण र दैनिक आवतजावतको चापले सडकमा सवारीको भार निरन्तर थपिँदै गएको छ। सवारीको संख्या बढेको अनुपातमा पार्किङका लागि आवश्यक पूर्वाधार भने विस्तार हुन सकेको छैन। काठमाडौंका मुख्य व्यापारिक क्षेत्रदेखि आवासीय बस्ती र सहायक सडकसम्म पुग्दा कतिपय ठाउँमा सडकको एउटा भाग नै पार्किङस्थल बनेको देखिन्छ। सडक किनारमा लामो समयसम्म रोकिएका मोटरसाइकल, कार तथा अन्य सवारीले सडकको उपयोगी चौडाइ घटाउँछन् र त्यसको प्रत्यक्ष असर यातायात व्यवस्थापनमा पर्छ। यसले जाम बढाउने मात्र होइन, पैदलयात्रीको आवागमनसमेत असहज बनाउँछ। सडकमा सवारी राख्ने सबैलाई दोष दिएर मात्र समस्या समाधान हुँदैन। कतिपय चालकसँग सवारी राख्ने अर्को विकल्प नै हुँदैन। व्यापार गर्न बजार पुगेको व्यक्ति होस् वा कार्यालयको काममा आएको सेवाग्राही, पार्किङको व्यवस्थित ठाउँ नपाएपछि उसले बाध्य भएर सडक किनार खोज्छ। त्यसैले काठमाडौंको पार्किङ समस्या केवल ट्राफिक अनुशासनको प्रश्न होइन, शहरी व्यवस्थापनको गम्भीर कमजोरी पनि हो।

यसको समाधानका लागि ठूला र अत्यधिक खर्चिला पार्किङ भवन बनाउने योजनामात्र कुरेर बसिरहन आवश्यक छैन। काठमाडौं उपत्यकाका विभिन्न स्थानमा सरकारी तथा निजी स्वामित्वमा रहेका प्रयोगविहीन वा न्यून उपयोग भएका खाली जग्गालाई अस्थायी वा दीर्घकालीन पार्किङका रूपमा उपयोग गर्ने नीति बनाउन सकिन्छ। सम्बन्धित महानगरपालिका वा नगरपालिकाले वडा तहबाटै यस्ता खाली क्षेत्रको पहिचान गर्ने, जग्गाको क्षेत्रफल र अवस्थाअनुसार पार्किङ क्षमताको निर्धारण गर्ने तथा जग्गाधनीलाई निश्चित मापदण्ड पूरा गर्न लगाउने व्यवस्था गर्न सक्छ। प्रवेश-निकास, सवारीको आकारअनुसारको स्थान, अग्नि सुरक्षाको व्यवस्था, प्रकाश, सरसफाइ, सुरक्षा र शुल्कको पारदर्शी व्यवस्था जस्ता आधारभूत मापदण्ड पूरा गरेपछि त्यस्ता स्थानलाई शुल्क लिएर पार्किङ सञ्चालन गर्न अनुमति दिन सकिन्छ। निश्चित समयका लागि करारमा जग्गा उपलब्ध गराउने, पार्किङ शुल्कको दर स्थानीय तहले तोक्ने र डिजिटल भुक्तानी तथा अभिलेख राख्ने व्यवस्था गर्न सके अझ प्रभावकारी हुनेछ। यसबाट खाली रहेको निजी जमिनबाट जग्गाधनीले आम्दानी गर्न पाउनेछन् भने नगरपालिकाले पनि अनुमति, व्यवसाय वा सम्बन्धित शीर्षकबाट राजस्व प्राप्त गर्न सक्नेछ। अझ महत्वपूर्ण कुरा, पार्किङ व्यवस्थापनकै लागि केही स्थानीय रोजगारी सिर्जना हुन सक्छ। सडकलाई पार्किङस्थल बनाउने बाध्यता हटाएर सडकलाई सवारी गुड्ने ठाउँकै रूपमा जोगाउनु अहिलेको प्राथमिकता हुनुपर्छ।

यसका लागि महानगरपालिका वा सम्बन्धित स्थानीय तहले समस्या भएको ठाउँमा ट्राफिक प्रहरीको सहयोग लिएर केवल निषेधको नीति होइन, विकल्पसहितको व्यवस्थापन अघि बढाउन जरुरी छ। सडकमा सवारी नराख्न सूचना जारी गर्ने, जरिवाना गर्ने र टोइङ गर्ने काम आवश्यक भए पनि त्यसअघि वा त्यससँगै नजिकै वैकल्पिक पार्किङको व्यवस्था हुनुपर्छ। प्रत्येक वडा कार्यालयले आफ्नो क्षेत्रभित्र रहेका सरकारी तथा निजी खाली जमिनको अभिलेख तयार गरी सम्भावित पार्किङ क्षेत्र पहिचान गर्न सक्छ। आवश्यक परे महानगरपालिकाले जग्गाधनीसँग सम्झौता गरी न्यूनतम पूर्वाधार निर्माणमा सहजीकरणसमेत गर्न सक्छ। व्यापारिक केन्द्र, अस्पताल, विद्यालय, सरकारी कार्यालय र भीडभाड हुने स्थान आसपासमा यस्तो व्यवस्था झन् प्राथमिकतामा पर्नुपर्छ। यसबाट एउटै समस्याका धेरै पक्ष एकैपटक सम्बोधन हुन्छन्– सडक खुला हुन्छ, जाम घट्छ, चालकले सवारी राख्ने वैधानिक ठाउँ पाउँछन्, निजी जमिनको उपयोग हुन्छ, रोजगारी सिर्जना हुन्छ र स्थानीय तहको राजस्व पनि बढ्छ। काठमाडौंको पार्किङ समस्या समाधान गर्न हरेक ठाउँमा महँगा बहुतले भवन निर्माण सम्भव नहुन सक्छ, तर जहाँ खाली जमिन छ, त्यहाँ व्यवस्थित सोच पुऱ्याउन नसकिने कारण छैन। अब स्थानीय सरकारहरूले पार्किङलाई ट्राफिक प्रहरीको जिम्मेवारी मात्र ठान्ने होइन, यसलाई आफ्नो शहरी व्यवस्थापनको अनिवार्य हिस्साका रूपमा लिएर वडा तहबाटै काम शुरु गर्नुपर्छ।

अन्नको भकारीमाथि बढ्दो संकट

विष्णु प्रसाद काफ्ले

यसलाई सरल भाषामा भन्दा–चुरे कमजोर हुँदा तराईले दुईतिरबाट मूल्य चुकाउँछ। वर्षामा पानीसँगै ढुंगा, बालुवा र माटो तल झर्छ। नदीको सतह उकासिन्छ, कटान र डुबानको जोखिम बढ्छ। सुख्खा मौसममा चाहिँ जमिनमा पानी पुनर्भरण गर्ने प्राकृतिक प्रणाली कमजोर हुँदा पानीको अभाव बढ्न सक्छ।



धानका हरिया फाँट, गहुँका सुनौला बाला, उखुका लामा लहर र तरकारीले भरिएका खेत सम्झँदा नेपालको तराई आँखाअगाडि आउँछ। समथर जमिन, उर्वर माटो र खेती गर्न तुलनात्मक रूपमा सहज भूगोलका कारण तराईलाई वर्षौंदेखि नेपालको 'अन्नको भण्डार' भनिँदै आएको छ। देशको खाद्य सुरक्षाको ठूलो हिस्सा यही भूगोलसँग गाँसिएको छ।

अब प्रश्न उठ्न थालेको छ कि जुन भूमिलाई हामी अन्नको भण्डार भन्छौं, त्यही भूमि कति सुरक्षित छ ?

एकातिर मनसुनमा नदी खेतमा पस्छ। काट्ने बेलाको धान पानीमा डुब्छ। अर्को वर्ष त्यही किसान आकाशतिर हेरेर पानी कुरिरहेको हुन्छ। कतै भूमिगत पानी तल झर्दैछ, कतै नदीले उर्वर खेत काट्दैछ। समयमा मल नपाउँदा किसान सीमापारिको बजार खोज्न बाध्य हुन्छ। बल्लतल्ल उत्पादन भएको तरकारीले उचित मूल्य नपाउँदा खेतमै छाड्नुपर्ने अवस्था आउँछ।

अर्थात् तराईको कृषि अहिले एउटै समस्यासँग लडिरहेको छैन। पानी धेरै हुनु र पानी नहुनु दुवै समस्या भएका छन्। सन् २०२५ को धान उत्पादनमै मौसमको यो चरित्र देखियो। FAO का अनुसार नेपालको धान उत्पादन करिब ५७ लाख टनमा सीमित रह्यो, जुन २०२४ को तुलनामा ४.२ प्रतिशत कम थियो। जून र जुलाईमा वर्षा कम हुँदा प्रमुख धान उत्पादक क्षेत्रमा रोपाइँ र उत्पादन दुवै प्रभावित भए।

यसले किसानको पुरानो खेती पात्रो नै बदलिँदै गएको संकेत गर्छ। असार आयो भने पानी पर्छ, रोपाइँ हुन्छ र निश्चित समयमा बाली पाक्छ भन्ने पुरानो अनुमान अब सधैं मिल्दैन। वर्षा ढिलो आउन सक्छ, एकैचोटि अत्यधिक पर्न सक्छ र आवश्यक परेको समयमा हराउन सक्छ।

खडेरीले जोगाएको खेत बाढीले लैजान्छ। तराईका किसानका लागि पानीको कथा विरोधाभासपूर्ण छ। गर्मीमा खेत चर्किन्छ। किसानले बोरिङ चलाउन खोज्छ। डिजेल, बिजुली र सिँचाइको खर्च थपिन्छ। तर मनसुन बलियो भयो भने त्यही खेतलाई जोगाउन बाँध खोज्नुपर्ने हुन्छ।

नेपालको कुल खेतीयोग्य जमिन करिब २६ लाख ४० हजार हेक्टर रहेको कृषि विकास रणनीतिको प्रगति प्रतिवेदनमा उल्लेख छ। त्यसमध्ये करिब ५८.९ प्रतिशत क्षेत्रमा मात्रै कुनै न कुनै प्रकारको सिँचाइ सुविधा पुगेको विवरण छ। उपलब्ध सिँचाइको ठूलो हिस्सा पनि बाह्रै महिना समान रूपमा भरपर्दो हुन्छ भन्ने छैन। त्यसैले तराई समथर छ भन्दैमा प्रत्येक खेतमा पर्याप्त पानी पुग्छ भन्ने बुझाइ गलत हुन्छ।

अर्कोतर्फ बाढीको क्षति निकै ठूलो हुन सक्छ। सन् २०२४ को बाढीपछि तयार गरिएको संयुक्त राष्ट्रसंघीय प्रतिकार्य योजनामा देशभर करिब ८८ हजार ४७६ हेक्टर कृषि भूमि प्रभावित भएको उल्लेख छ। त्यसमध्ये मधेश प्रदेशमा मात्रै करिब ४६ हजार ५६९ हेक्टर, मुख्यतः धानखेती, प्रभावित भएको अनुमान गरिएको थियो। कृषि क्षेत्रमा पाँच करोड २० लाख अमेरिकी डलरभन्दा बढी क्षतिको आकलन गरिएको थियो।

यी अंकले एउटा कठोर सत्य देखाउँछन् कि किसानले महिनौं लगाएर तयार गरेको उत्पादन केही घण्टाको पानीले समाप्त गर्न सक्छ। चुरेमा लागेको चोट तराईको खेतसम्म तराईको कृषिबारे कुरा गर्दा खेत मात्रै हेरेर पुग्दैन। त्यसको उत्तरतर्फ उभिएको चुरे पनि हेर्नुपर्छ।

चुरे सामान्य पहाड मात्र होइन। पानी सोस्ने, सञ्चित गर्ने, खोलानालाको बहावसँग सम्बन्ध राख्ने र तराई-मधेशको भू-पर्यावरणलाई जोड्ने संवेदनशील क्षेत्र हो। आधिकारिक विवरणअनुसार चुरेले नेपालको कुल भूभागको करिब १२.७८ प्रतिशत ओगटेको छ। यसको भूगर्भ खुकुलो भएकाले प्राकृतिक रूपमै संवेदनशील छ।

त्यसमाथि वन फँडानी, अव्यवस्थित बस्ती, जथाभावी सडक, ढुंगा-गिट्टी-बालुवा दोहन, चरिचरन र अवैज्ञानिक भूउपयोग थपिँदा यसको असर चुरेको डाँडामा मात्रै रोकिन्न। चुरे संरक्षण विकास समितिले नै जलाधार क्षेत्र क्षयीकरण हुँदा तराई-मधेशका पानीका स्रोत सुक्ने तथा वर्षायाममा बालुवा र गेग्रान खेतमा थुप्रिने समस्या बढ्ने औंल्याएको छ।

यसलाई सरल भाषामा भन्दा–चुरे कमजोर हुँदा तराईले दुईतिरबाट मूल्य चुकाउँछ। वर्षामा पानीसँगै ढुंगा, बालुवा र माटो तल झर्छ। नदीको सतह उकासिन्छ, कटान र डुबानको जोखिम बढ्छ। सुख्खा मौसममा चाहिँ जमिनमा पानी पुनर्भरण गर्ने प्राकृतिक प्रणाली कमजोर हुँदा पानीको अभाव बढ्न सक्छ।

त्यसैले चुरेबाट एउटा ट्रक गिट्टी निकालिएको हिसाब गिट्टीको बजार मूल्यमा मात्रै गर्न मिल्दैन। त्यसको वातावरणीय मूल्य तराईको खेत र पानीसँग जोडेर हेर्नुपर्छ।

किसानको अर्को युद्ध–मल

प्रकृतिसँग जुधिरहेको किसानले खेतमा पुगेपछि राज्यको व्यवस्थापनसँग पनि जुध्नुपर्छ। नेपालमा रासायनिक मलको अभाव नयाँ समाचार होइन। समस्या यति पुरानो भइसकेको छ कि धान रोप्ने बेला युरिया नपाउनु र गहुँ लगाउने बेला डीएपी खोज्दै हिँड्नु किसानको वार्षिक चक्रजस्तै बन्न पुगेको छ।

पछिल्ला वर्षमा आपूर्ति बढेको भने देखिन्छ। कृषि मन्त्रालयको विवरणअनुसार आर्थिक वर्ष २०२५/२६ मा सरकारले करिब ५ लाख ६१ हजार ४९४ मेट्रिक टन रासायनिक मल उपलब्ध गराएको थियो। यसका लागि २८ अर्ब ८२ करोड रुपैयाँ बजेट छुट्याइएको थियो।

यहाँ एउटा गम्भीर अन्तर छ। देशको वास्तविक वार्षिक आवश्यकता विभिन्न सरकारी आकलनमा ११ लाखदेखि १३ लाख मेट्रिक टनसम्म देखाइएको छ, जबकि सहुलियतको सरकारी आपूर्ति त्यसको निकै तल रहँदै आएको छ।

समस्या कुल परिमाणको मात्रै पनि होइन। मल किसानको हातमा कुन दिन पुग्यो भन्ने अझ महत्वपूर्ण हुन्छ। धानलाई आज चाहिएको युरिया एक महिनापछि गोदाममा आइपुगेर किसानलाई खासै राहत हुँदैन। कृषि उत्पादनको समय सरकारी खरिद प्रक्रियाको प्रतीक्षामा बस्दैन। त्यसैले 'यति लाख टन मल ल्याइयो' भन्ने सरकारी सफलताको तथ्यांकसँगै 'बालीलाई चाहिएको समयमा कति किसानले पाए ?' भन्ने प्रश्नको उत्तर पनि खोजिनुपर्छ।

उत्पादन भयो, अब किन्ने को ?

मानौं किसानले मौसम जित्यो। पानी मिल्यो। मल पनि पायो। उत्पादन राम्रो भयो। त्यसपछि उसको अर्को परीक्षा शुरु हुन्छ– बजार।

तराईमा धेरै किसान सानो क्षेत्रफलमा खेती गर्छन्। उनीहरूसँग लामो समय उत्पादन भण्डारण गर्ने सुविधा हुँदैन। तरकारी पाकेपछि आज वा भोलि बेच्नैपर्छ। दूध दैनिक बजार पठाउनुपर्छ। फलफूललाई महिनौं घरमा राख्न सकिँदैन।

यही बाध्यताले किसानलाई कमजोर बनाउँछ। उत्पादन धेरै भएको समयमा बजार मूल्य घट्छ। किसानसँग चिस्यान केन्द्र, गोदाम, प्रशोधन उद्योग वा आफैं टाढाको बजारसम्म पुऱ्याउने साधन छैन भने उसले व्यापारीले दिएको मूल्य स्वीकार गर्नुपर्छ। काठमाडौं वा अर्को शहरको उपभोक्ताले महँगोमा किनिरहेको बस्तुको उत्पादक किसानले भने न्यून मूल्य पाइरहेको विरोधाभास यही संरचनाबाट जन्मिन्छ।

कृषि बजारको समस्या समाधान गर्नु भनेको प्रत्येक पालिकामा भवन बनाएर 'कृषि बजार' लेखिदिनु मात्र होइन। उत्पादन क्षेत्रलाई सडक, संकलन केन्द्र, चिस्यान भण्डार, प्रशोधन उद्योग, मूल्य सूचना र ठूलो उपभोक्ता बजारसँग जोड्ने शृंखला चाहिन्छ।

कृषि जोगाउन खेतभन्दा बाहिर हेर्नुपर्छ

तराईको कृषिको समाधान एउटा मन्त्रालयले मल बाँडेर मात्र सम्भव छैन। चुरे संरक्षण वन र वातावरणको विषय मात्रै होइन–कृषिको विषय पनि हो। नदी नियन्त्रण गृह वा भौतिक पूर्वाधारको विषय मात्रै होइन–खाद्य सुरक्षाको विषय हो। सिँचाइ पानीको विषय मात्रै होइन–उत्पादनको स्थिरताको आधार हो। बजार व्यापारको विषय मात्रै होइन–किसान खेतीमा टिक्ने कि छाड्ने भन्ने निर्णयसँग जोडिएको प्रश्न हो।

त्यसैले अब कृषि नीति खेतको आलीबाट शुरु भएर त्यहीं समाप्त हुनु हुँदैन। चुरेको माथिल्लो जलाधार जोगाउनुपर्छ। अनियन्त्रित दोहन रोक्नुपर्छ। नदीलाई केवल तटबन्धभित्र थुन्ने होइन, प्राकृतिक बहाव, निकास र जोखिम क्षेत्रको वैज्ञानिक व्यवस्थापन गर्नुपर्छ। भूमिगत पानीको अन्धाधुन्ध दोहनको सट्टा पुनर्भरण बढाउने योजना चाहिन्छ। सिँचाइ प्रणालीलाई वर्षभरि भरपर्दो बनाउँदै जानुपर्छ।

मल खरिद पनि बाली लागेपछि सुरु गर्ने प्रशासनिक कर्मकाण्ड बन्नु हुँदैन। कुन बालीलाई कुन महिनामा कति मल चाहिन्छ भन्ने पूर्वानुमान गरेर महिनौंअघि खरिद, ढुवानी र स्थानीय वितरणको तालिका तयार हुनुपर्छ।

बजारतर्फ किसान समूह र सहकारीलाई उत्पादन संकलनसँग जोड्दै चिस्यान केन्द्र, गोदाम र प्रशोधन उद्योग विस्तार गर्न सकिन्छ। सरकारले न्यूनतम समर्थन मूल्य घोषणा गरेपछि त्यो कागजमा मात्र होइन, आवश्यक पर्दा खरिद गर्ने संयन्त्रसम्म पुग्नुपर्छ।

तराई कमजोर हुँदा भान्छा कमजोर

नेपालले अझै आफ्नो खाद्य आवश्यकता पूर्ण रूपमा स्वदेशी उत्पादनबाट धान्न सकेको छैन। FEWS NET को २०२६ को अध्ययनअनुसार खाद्यान्नको आन्तरिक उत्पादनले बढ्दो माग समात्न नसक्दा नेपालको कुल खाद्यान्न उपभोगको करिब १५ प्रतिशत आयातमा निर्भर छ। चामलको आयात मात्रै औसत वार्षिक करिब सात लाख मेट्रिक टन रहेको उक्त अध्ययनको आकलन छ।

यो अवस्थामा तराईको कृषि कमजोर हुँदै जानु किसानको मात्रै समस्या होइन। आज सिराहा वा बाँकेमा धान बिग्रियो भने त्यसको असर भोलि काठमाडौंको भान्सासम्म पुग्न सक्छ। सर्लाहीको तरकारी किसानले खेती छाड्यो भने त्यसको खाली ठाउँ आयातले भर्छ। रुपन्देही वा झापाको उर्वर भूमि बस्तीमा परिणत भयो भने त्यो खेत फेरि सजिलै फर्किँदैन।

त्यसैले 'तराई नेपालको अन्नको भण्डार हो' भन्ने वाक्य अब गर्व गर्नका लागि मात्र दोहोऱ्याएर पुग्दैन। भण्डार भनिएको ठाउँलाई जोगाउने जिम्मेवारी पनि लिनुपर्छ। किसानलाई समयमै मल, बीउ, सिँचाइ र बजार चाहिन्छ। खेतलाई बाढीबाट सुरक्षा चाहिन्छ। सुख्खाबाट जोगिन पानी चाहिन्छ। तराईलाई पानी दिन चुरे स्वस्थ चाहिन्छ। उत्पादनलाई मूल्य दिन बजार चाहिन्छ र यी सबैलाई एउटै दिशामा लैजान वर्षैपिच्छे फेरिने घोषणाभन्दा दीर्घकालीन राज्य नीति चाहिन्छ।

खेत बाँझो भएपछि भाषणले धान फलाउँदैन। सुकिसकेको पानीको मुहान बजेटको शीर्षकले मात्रै फर्किँदैन। बाढीले बगाएको उर्वर माटो अर्को आर्थिक वर्षमा विनियोजित रकमले तत्काल पुनःनिर्माण गर्न सकिँदैन।

तराईलाई अन्नको भण्डार भनिरहने हो भने पहिले त्यस भण्डारको ढोका सुरक्षित गर्नुपर्छ। नत्र कुनै दिन हामीसँग 'अन्नको भण्डार' भन्ने पुरानो परिचय त बाँकी रहला, तर त्यसलाई भर्ने अन्नका लागि परदेशकै मुख ताक्नुपर्ने अवस्था अझ गहिरिन सक्छ।

लोकतन्त्रप्रति पूर्ण समर्पित
साप्ताहिक
नयाँ विमर्श
Naya Bimarsha Weekly

डण्डीबियो : हराउँदै गएको त्यो चौरको खेल



हरि शरण जमकटेल

कुनै समय गाउँको चौरमा बच्चाहरूको ठूलो भीड देखियो भने त्यहाँ कुनै ठूलो प्रतियोगिता भइरहेको हुँदैनथ्यो । हातमा लामो काठको डण्डी र अर्को छोटो काठको टुक्रा हुन्थ्यो । कसैले जमिनमा सानो खोपीलो बनाइरहेको हुन्थ्यो, कसैले आफ्नो पालो कुरिरहेको । केही पर बसेका अरू बालबालिका भने बियो कता उड्छ भनेर आँखा तन्काइरहेका हुन्थे । बियो हावामा उड्यो कि चौर एकाएक तात्थ्यो– समात्नेले जित्थ्यो, हान्नेले दूरी बढाउन खोज्थ्यो । यही सरल दृश्यभित्र हुर्किएको खेल हो, डण्डीबियो ।

आज त्यही दृश्य धेरै ठाउँमा खोज्नुपर्छ । चौरहरू साँघुरिएका छन्, खेल्ने समय मोबाइलको स्क्रिनले खोसेको छ र बालबालिकाको मनोरञ्जन पनि फेरिएको छ । त्यसैले डण्डीबियो अहिले एउटा खेलको नाम मात्र रहेन; यो एउटा पुस्ताले भोगेको बाल्यकालको सम्झना पनि बनेको छ ।


डण्डीबियो खेल्न कुनै ठूलो तयारी चाहिँदैन । सामान्यतः लामो डण्डी र त्यसको तुलनामा निकै छोटो बियो चाहिन्छ । बियोका दुवै छेउलाई तिखारिन्छ र जमिनमा सानो खोपी बनाएर त्यसलाई तेर्स्याइन्छ । खेलाडीले डण्डीको सहायताले बियोलाई उफारेर टाढा हिर्काउँछ । उता, विपक्षी खेलाडीको ध्यान त्यसलाई समात्नेमा हुन्छ । बियो समातियो भने हिर्काउने खेलाडीको पालो त्यहीँ रोकिन सक्छ; समात्न नसके बियो खसेको ठाउँबाट पुनः खेलको अर्को प्रक्रिया अघि बढ्छ ।

सुन्दा सजिलो लागे पनि डण्डीबियोमा हातको बल मात्रै पर्याप्त हुँदैन । बियोको कुन भागमा कति बल लगाउने, कुन कोणबाट उफार्ने, हावामा पुगेपछि कति छिटो प्रहार गर्ने र विपक्षी कहाँ उभिएको छ भन्ने सबै कुरा एकैपटक सोच्नुपर्छ । राम्रो खेलाडीले बियोलाई केवल टाढा पुऱ्याउँदैन, उसले त्यसलाई आफूले चाहेको दिशामा पठाउन पनि जान्दछ ।

परम्परागत डण्डीबियोको अर्को रमाइलो पक्ष यसको स्थानीयपन थियो । देशभर खेलिए पनि खेलको एउटै लिखित नियम थिएन । कतै दूरीलाई स्थानीय गन्तीका शब्दले हिसाब गरिन्थ्यो, कतै खेलाडीले आपसमा नियम मिलाउँथे । त्यसैले एउटा गाउँमा खेलिएको डण्डीबियो अर्को गाउँमा पुग्दा केही फरक देखिन सक्थ्यो । विद्यालयका लागि तयार गरिएको खेलसम्बन्धी सामग्रीमा पनि परम्परागत र आधुनिक डण्डीबियोका छुट्टाछुट्टै स्वरूप उल्लेख छन् ।

यही कारण डण्डीबियोको इतिहासलाई एउटै मितिबाट शुरु भएको खेल भनेर बाँध्न सजिलो छैन । यो कुनै एक व्यक्तिले आविष्कार गरेर घोषणा गरेको खेलभन्दा पनि गाउँ, बस्ती र पुस्ताबीच अभ्यास हुँदै आएको खेलका रूपमा विकसित भएको देखिन्छ । यसको इतिहासबारे विभिन्न दाबी भेटिए पनि यसको ठ्याक्कै जन्मस्थान र समय निर्धारण गर्ने पर्याप्त प्रमाण छैन । त्यसैले 'हजारौँ वर्ष पुरानो' जस्ता दाबीभन्दा पुस्तौँदेखि नेपाली समाजमा खेलिँदै आएको रैथाने खेल भन्नु बढी उपयुक्त हुन्छ ।

समयसँगै यसलाई व्यवस्थित प्रतियोगिताको रूप दिने प्रयास पनि भयो । नेपाल डण्डीबियो संघले खेलका सामग्री, मैदान, खेलाडी र अंक प्रणालीलाई निश्चित ढाँचामा ल्याउने प्रयास गरेको छ । संघीय स्वरूपमा दुई टोलीबीच



प्रतिस्पर्धा गराउने र सात खेलाडी रहने व्यवस्था विकास गरिएको विवरण पाइन्छ । यसले एउटा महत्वपूर्ण सम्भावना देखाउँछ, त्यो के भने परम्परागत खेललाई जस्ताको तस्तै सम्झनामा राख्नु मात्र होइन, आवश्यक परे त्यसलाई आधुनिक प्रतियोगिताका लागि पनि तयार गर्न सकिन्छ ।

समस्या त्यहीँ छ । डण्डीबियोका लागि व्यवस्थित राष्ट्रिय प्रतियोगिता, निरन्तर खेलाडी उत्पादन र नियमित अन्तर्राष्ट्रिय प्रतिस्पर्धाको आधार बलियो बन्न सकेको छैन । त्यसैले यस खेलका चर्चित खेलाडीको नाम नेपाली खेल इतिहासमा फुटबल, क्रिकेट वा भलिबलका खेलाडीको जस्तो व्यवस्थित रूपमा भेटिँदैन । यसलाई डण्डीबियोको कमजोरीभन्दा पनि अभिलेख राख्ने हाम्रो खेल संस्कृतिको कमजोरीका रूपमा हेर्न सकिन्छ ।

डण्डीबियोका आफ्नै शारीरिक र मानसिक फाइदा छन् । दौडनु, झुक्नु, उफ्रिएको बियोमा आँखा लगाउनु र तत्काल प्रतिक्रिया दिनुले शरीरलाई सक्रिय राख्छ । हात र आँखाबीचको तालमेल, दूरीको अनुमान, सन्तुलन र एकाग्रताको अभ्यास हुन्छ । सबैभन्दा ठूलो कुरा यो हो कि यसमा महँगो खेल सामग्री आवश्यक पर्दैन । सामान्य काठको टुक्राबाट खेल शुरु गर्न सकिन्छ ।

सावधानी नअपनाए चोट लाग्ने सम्भावना पनि हुन्छ । तीखो बियो अनियन्त्रित दिशामा उड्न सक्छ, डण्डीको प्रहारले नजिकै उभिएको व्यक्तिलाई चोट लाग्न सक्छ । त्यसैले आज विद्यालय वा सार्वजनिक मैदानमा डण्डीबियो पुनः शुरु गर्ने हो भने पुरानो खेलको रमाइलोसँगै सुरक्षा नियम पनि जोडिनुपर्छ ।

अन्तर्राष्ट्रिय रूपमा हेर्दा डण्डीबियोसँग मिल्दोजुल्दो काठ र छोटो टुक्राको प्रयोग हुने खेल विभिन्न ठाउँमा भेटिन्छन् । भारतको गिल्ली डण्डादेखि युरोपका केही परम्परागत खेलसम्म यसको संरचनासँग मिल्ने अभ्यास देखिन्छ तर समानता भेटिँदैमा ती सबै एउटै खेलका शाखा हुन् भनेर निष्कर्ष निकाल्न मिल्दैन । संसारका विभिन्न समाजमा उपलब्ध साधारण सामग्रीबाट यस्ता खेल स्वतन्त्र रूपमा विकसित भएको सम्भावना पनि उत्तिकै छ ।

नेपालमा डण्डीबियोसँग जोडिएको अर्को भ्रम यसको 'राष्ट्रिय खेल' सम्बन्धी हो । लामो समयसम्म जनस्तरमा यसलाई राष्ट्रिय खेल भनियो तर औपचारिक सरकारी मान्यता भने थिएन । २०७४ सालमा मन्त्रिपरिषद्ले भलिबललाई नेपालको राष्ट्रिय खेल घोषणा गरेपछि यो विषय स्पष्ट भयो ।

राष्ट्रिय खेलको उपाधि नपाउनु भनेको डण्डीबियोको नेपाली पहिचानसँगको सम्बन्ध समाप्त हुनु होइन । एउटा खेलको मूल्य सरकारी घोषणाले मात्र निर्धारण गर्दैन । कुनै खेलले पुस्तौँसम्म मानिसलाई जोडेको छ, खाली चौरलाई रमाइलो बनाएको छ र बालबालिकालाई खेल्न सिकाएको छ भने त्यसको सामाजिक मूल्य आफ्नै हुन्छ ।

आज डण्डीबियोका अगाडि सबैभन्दा ठूलो चुनौती यही हो कि यसलाई सम्झनामा मात्र राख्ने कि फेरि मैदानमा फर्काउने ? यसका लागि ठूलाठूला रंगशाला आवश्यक नहुन सक्छन् । विद्यालयको खाली ठाउँ, स्थानीय तहका सार्वजनिक चौर र सामुदायिक कार्यक्रमबाट पनि शुरुआत गर्न सकिन्छ । पुराना खेलाडीलाई बोलाएर नयाँ पुस्तालाई सिकाउन सकिन्छ । गाउँअनुसार फरक रहेका नियम संकलन गरेर अभिलेख बनाउन सकिन्छ । त्यसपछि आधुनिक सुरक्षा र प्रतियोगितात्मक नियमसँग जोडेर नयाँ पुस्ताका लागि आकर्षक बनाउन सकिन्छ ।

डण्डीबियो हराउनु भनेको एउटा काठको डण्डी र बियो हराउनु मात्र होइन । त्यससँगै चौरमा जम्मा हुने बाल्यकाल, पालो कुर्ने धैर्य, साथीको प्रहारमा हाँस्ने संस्कृति र जित-हारलाई खेलकै रूपमा स्वीकार गर्ने एउटा सरल नेपाली बानी पनि हराउँदैछ । सायद त्यसैले डण्डीबियोलाई जोगाउने प्रश्न आज 'यसलाई राष्ट्रिय खेल बनाउने कि नबनाउने ?' भन्दा ठूलो छ । प्रश्न यति हो कि हाम्रा छोराछोरीले भोलि डण्डीबियोको नाम किताबमा पढ्ने मात्र हुन् कि आफ्नै हातमा डण्डी समाएर चौरमा खेल्ने पनि ? *(अधिवक्ता जमकटेल खेलसम्बन्धी लेखमा विशेष रुचि राख्नु हुन्छ)*

कर्मचारी र जनप्रतिनिधिलाई मात्र लागेको दर्शै !

रुषा थापा

बहालवाला कर्मचारीको पदअनुसार मासिक तलब ५० हजारदेखि एक लाख ६ हजार रुपियाँसम्म छ । पेन्सनवाला कर्मचारी पनि पद हेरेर महिनाको ३५ हजारदेखि ६० हजार रुपियाँसम्म बुझ्छन् । बहालवाला होस् या पेन्सनवाला दुवै कर्मचारीलाई दशैंमा एक महिना तलब बराबरको पेश्की दिइन्छ । सँगै परिवारसहितको निःशुल्क बीमा र औषधि उपचार गरिन्छ । बहालवाला कर्मचारीलाई वर्षमा दुई जोर पोशाकबापतको रकम पनि दिइन्छ । चालु आर्थिक वर्ष २०८३-०८४ को बजेटमार्फत कर्मचारीको तलबमा २१ प्रतिशतले वृद्धि भएको छ । मासिक पाँच हजार रुपियाँ महँगी भत्ता पनि यथावत राखिएको छ । बालेन सरकार आएपछि सातामै दुई दिन सार्वजनिक बिदा दिन थालिएको छ । अर्कोकुरा, कर्मचारीहरुले एक दर्जन बढी प्रकारका बिदा पाउँछन् ।

अझ हाम्रोजस्तो धार्मिक, जातीय र सांस्कृतिक मुलुकमा पर्व-चाडपर्व बिदा पनि उत्तिकै हुन्छ । यस्ता पर्व वा चाडपर्वमा निजी क्षेत्रमा काम गर्नेले बिदा पाउँदैनन्, सरकारी सेवामा कार्यरत कर्मचारीलाई चाँहि बिदैबिदा हुन्छ । एक महिनामा ३० दिन हुन्छ तर कर्मचारीहरु बढीमा दुई साता अर्थात् १४ दिनमात्र कार्यालय जान्छन् तैपनि कार्यालय समयमा पुग्दैनन् । बिहान ९ बजे कार्यालय पुगिसक्नुपर्नेमा बल्लतल्ल ११-१२ बजेतिर आइपुग्छन् । अनि १ बजे खाजा खानेबित्तिकै घरतिर दौडिन्छन् । बेलुका ५ बजे कार्यालय बन्द हुनुपर्नेमा दिउँसो २-३ बजे नै रित्तो भइसक्छ । रोचक कुरा चाँहि जुनसुकै राजनीतिक दलको सरकार आएपनि कर्मचारीलाई भने मोजैमोज छ ।

सरकार फेरेपछि राजनीतिक दलहरुलाई हातामा लिई कर्मचारीहरु तलब र सेवासुविधा बढाउन लगाउँछन् । त्यसैले त पाँच दशकमै बीचमा कर्मचारीको तलबमा आकाश-पातलको फरक आएको छ । वि.सं. २०३२-०३३ सालमा मासिक ३०-३५ रुपियाँ तलबमा सरकारी सेवामा प्रवेश गरेर अवकाश पाएकाहरु अहिले पेन्सनमात्र ४० देखि ६० हजारसम्म थाप्छन् । यतिमात्र होइन, केहीगरी सम्बन्धित कर्मचारीको मृत्यु भएमा उसको श्रीमान् वा श्रीमतीले बाँच्नुञ्जेल पेन्सन पाउँछन् । कर्मचारीसँगै जनप्रतिनिधिको पनि तलब र सेवासुविधा चर्को छ । जनताको सेवा गर्छु भन्दै आएकाहरु मासिक ५० हजारदेखि तीन लाखसम्म तलब बुझ्छन् । गाडी, सुरक्षाकर्मीलगायत अन्य सेवासुविधा त अलग्गै हुन्छन् ।

जनप्रतिनिधि र कर्मचारी दुवैले जनताले तिरेको करबाट तलबभत्ता र सेवासुविधा बुझ्छन् । दुर्भाग्यपूर्ण कुरा के छ भने जनता र देशको सेवा गर्छु भन्दै पदमा पुगेका कर्मचारी र जनप्रतिनिधिहरुले मज्जाले देश बनाउँदा सर्वसाधारण भने कामको खोजीमा हिँडिरहेका छन् । उनीहरुलाई दशैं लागेन, बरु दशा बन्न पुग्यो दशैं ।

छोराछोरीलाई एक छाक मिठो खुवाउन उनीहरु चाडपर्वसमेत नभनी दौडधूप गरिरहेका छन् । बजार बुझ्दा वा हेर्दा दशैं लागेजस्तो लाग्दैन । बाटो, आकाशे पुलहरुमा मान्ने मान्छेहरुको बिगबिगी देखिन्छ । अधिकांश मानिसको अनुहारमा निराशा देखिन्छ । एकातर्फ बेरोजगारी, अर्कोतर्फ महँगीले सर्वसाधारणको ढाड सेकेको छ । दशैं आएर के गर्नु जब मनाउन यहाँ कोही छँदैछ । छोराछोरी विदेशमा दिनरात काम गरिरहेका छन् अनि अभिभावकले कसरी दशैं मनाउनु ? हरेक नागरिकसँग पीडा छ । चाडपर्वको खुशी कसैमा पनि देखिँदैन । कोही बेरोजगारीका कारण तनावमा देखिन्छन् न कोही छोराछोरीको पेट कसरी भर्ने भन्ने चिन्तामा हुन्छन् । जनतालाई दशैं आएकै छैन । सरकारी कर्मचारी र जनप्रतिनिधिहरुलाई नै दशैं लागिसकेको छ । उनीहरु परिवारसहित घुमफिरमा निस्किसके । मिठोमिठो खाएर, नाचगान गरेर दशैं मनाइरहेका छन् । जनताले देशको विकासका निम्ति खाइनखाई कर तिर्छन् । अहिलेपनि सरकारी कार्यालयहरुमा खुट्टामा चप्पल नलगाई कर तिर्न आउनेहरु थुप्रा भेटिन्छन् । यसरी देशको विकासका लागि आफ्नो पेट काटेर जनताले राज्यलाई कर तिरिँदा त्यो करमा जनप्रतिनिधि र कर्मचारीको रजाईं चलेको छ । अझ विडम्बनापूर्ण कुरा त जनताले तिरेको कर त सकाइयो नै सँगै विदेशबाट पठाएको रेमिट्यान्ससमेत पचाइयो । देश विकास गर्ने, जनता र देशको सेवा गर्ने नाममा देशै नरहने अवस्थामा पुऱ्याइयो ।

यिनै कर्मचारी, जनप्रतिनिधि र राजनीतिक दलका कारण हामीले हाम्रो थुप्रै भूमि गुमाउनुपरेको छ । दार्जिलिङ, सिक्किम, टकनपुर, बाघघाम, गोरखपुर, कागडा टिष्टा, हाजीपुर, गंगा नदीसम्मको हाम्रो भूमि छिमेकीको स्वामित्वमा गएको छ भने कालापानी, लिपुलेक, लिम्पियाधुरासहित सीमानामा कब्जा जमाउने क्रम जारी छ । नेपालभित्रकै सरकारी, सार्वजनिक, गुठी, ऐलानी, मठमन्दिर, वनजंगल, राजपरिवार, हदबन्दी बढी, खोला नदी किनारका जग्गासमेत छोडिएनन् । कार्यकर्तामार्फत सरकारी जग्गामा त अतिक्रमण गरियो नै सँगै सुकुम्बासीको नाममा खोला नदीकै अस्तित्वलाई संकटमा पारेर किनारका जग्गा बाँडियो । यो विगतदेखि वर्तमानसम्म हुँदै आइरहेको छ । राजनीतिक दल, कर्मचारी, जनप्रतिनिधिकै मिलीभगतमा यस्ता कार्य जारी छ । सरकारी जग्गा र सम्पत्ति त सकाइयो नै, देशलाई नै जोखिममा पारियो । विगतका सरकारले देश जोखिममा राखेर विदेशीसँग ३२ खर्ब ऋण लिएका थिए । त्यो चुक्ता हुन नसक्दै बालेन सरकारले चार खर्ब थपिसक्यो । देशभित्रै पनि सरकार ऋणैऋणमा छ । निर्माण व्यवसायीको ५६ अर्ब, कोरोना बीमाको २४ अर्ब, स्वास्थ्य बीमाको ४३ अर्ब र दुग्ध तथा उखु किसानको सात अर्ब बक्यौता भुक्तानी वर्षौंदेखि बाँकी छ । दलहरु सरकारमा पुग्न जनताका छोराछोरीको बलिदान र सरकारी सम्पत्ति खरानी बनाउने क्रम पनि विगतदेखि वर्तमानसम्म कायमै छ । त्यसको क्षति भने जनता र देशले नै भोग्नुपर्छ र भोगि पनि रहेकै छौं ।

२०८२ भदौ २३ र २४ गतेको जेनजी आन्दोलनपछि रास्वपा सरकारमा पुग्यो । ७७ जनाको मृत्यु र खर्बौंको सम्पत्ति खरानी बन्यो । सरकारीतर्फ ८४ अर्ब ७७ करोड र निजीतर्फ २७ खर्बको क्षति भयो । ती संरचना पुनःनिर्माण कार्य अहिलेसम्म शुरु भएको छैन किनकि राज्यसँग पैसा नै छैन । भएको पैसा त कर्मचारी र जनप्रतिनिधि पाल्नमै सिद्धिन्छ । सबैभन्दा गम्भीर कुरा त नेपाल कालोसूचीमा पर्दैछ । २०८१ फागुन ९ गते सम्पत्ति शुद्धीकरणको 'ग्रे लिस्ट' मा परेको नेपाल आउँदो माघभित्र यो सूचीबाट नहटे सिधै कालोसूचीमा पर्नेछ । यसो भएमा नेपालले वैदेशिक ऋण पाउँछ न अनुदान । नेपालीजन विदेश जान पाउँदैनन्, बरु विदेशमा रहेका नेपालीलाई फिर्ता पठाइन्छ । देश र जनताको अवस्था दयनीय छ । सरकारले हालै आएका बाढीपहिरो पीडितलाई १५ हजार रुपियाँ दिने निर्णय गऱ्यो तर जनप्रतिनिधि र कर्मचारीहरुलाई चाँहि यत्रो तलब, सेवासुविधा दिइएको छ । १५ हजार रुपियाँले दशैं मान्न सकिन्छ ? जनताले यतिमा दशैं मान्न सक्छन् भने कर्मचारी र जनप्रतिनिधिलाई पनि यति नै रकम दिनुपर्ने होइन र, किन विभेद ?

Considering studying or working aboard?
Come to **Joy International Language Institute**
for all levels of
English and Spanish Language Classes
including **IELTS, PTE, TOEFL**
Improve your conversation skills speaking with a native speaker.
Gatthaghar Road (on the way to Global Pathsala School Junior Block)
Contact the Office :
974 597 9010
joylanguageinstitute@gmail.com



सुन चाँदीका गहनाका लागि
हामीलाई सम्झिनु होस्
विवाह, पास्नी लगायतका कुनै पनि खाले मांगलिक कार्यका लागि चाहिने गरगहनाका लागि हामीलाई सम्झिनु होस् ।
तपाईहरुको सेवामा हामी तयार छौं, काठमाडौंको मुटु मैतीदेवी चोक, काठमाडौंमा ।
सुन, चाँदी तथा हिराका तयारी गहनाहरुका अतिरिक्त तपाईंहरुको चाहना, डिजाइन अनुसारका गहना बनाउनका लागि हामी सेवामा हाजिर छौं ।





न्यु बुद्ध गहना गृह
मैतीदेवीचोक (श्रेष्ठ टेलरिङसँग), काठमाडौं
फोन नं.०१४५३४७५५, ९८१३६५२९१८

लोकतन्त्रप्रति पूर्ण समर्पित

साप्ताहिक

नयाँ विमर्श

Naya Bimarsha Weekly

गीत र ...

यसैगरी गीत भनेको के हो ? गीतलाई कविताको नजिकको आफन्त भन्न सकिन्छ, तर उसको आफ्नै पहिचान हुन्छ। गीतमा शब्दसँगै गायनयोग्यता जोडिन्छ। गीतका शब्द उच्चारण गर्दा त्यसमा लय भेटिनुपर्छ, धुन बस्न सक्नुपर्छ र स्वरले भावलाई बोकेर हिँड्न सक्नुपर्छ। उदाहरणका लागि–

"तिमी गएपछि आँगन उस्तै छ,
तर घरभित्र हाँसो छैन।"

यी दुई पङ्क्तिले एउटा भाव दिन्छन्। अब यही भावलाई संगीतकारले धुनमा राख्यो, गायकले श्वर दियो र त्यसमा थप पङ्क्ति जोडिए भने गीतको रूप लिन सक्छ। कवितामा धुनको आवश्यकता पर्दैन। कविताले पाठकको मनभित्र आफ्नै धुन पैदा गराउन सक्छ, गीतले भने प्रायः बाहिरबाट सुनिने धुनसँग शब्दलाई जोड्छ। यसैले गीतको प्रभावमा गीतकारको शब्द, संगीतकारको धुन र गायकको श्वर तीनै पक्षको भूमिका रहन्छ। कविता भने मुख्यतः कविको शब्द र पाठकको कल्पनाबीचको सम्बन्धमा उभिन्छ।

गीत र कविताको इतिहास हेर्दा दुवैको सुरुआत लिखित पुस्तकबाट भएको होइन भन्ने बुझ्न सकिन्छ। मानिसले अक्षर लेख्न सिक्नुभन्दा धेरैअघि नै समूहमा श्वर मिलाउने, काम गर्दा लय मिलाउने, जन्म, विवाह, मृत्यु, युद्ध, खेतीपाती र धार्मिक अवसरमा सामूहिक रूपमा गाउने परम्परा थियो। त्यसैले गीतको जरा मानिसको मौखिक संस्कृतिमा गहिरोसँग गाडिएको देखिन्छ। कविता पनि लामो समयसम्म मौखिक रूपमा पुस्तान्तरण हुँदै आएको हो। लिखित सभ्यताको विकास भएपछि मात्र यी सिर्जनाहरू व्यवस्थित रूपमा कागजमा आउन थाले। नेपालमा पनि लोकभाका, लोककथा, गाथा, भजन, दोहोरी, रोइला, देउडा, सोरठीजस्ता मौखिक परम्पराले गीत र काव्यात्मक अभिव्यक्तिको लामो बाटो तयार गरेका छन्। पछि शिक्षाको विस्तार, छापाखानाको विकास र साहित्यिक गतिविधि बढ्दै जाँदा गीत तथा कविताले लिखित स्वरूपलाई अझ व्यवस्थित बनाउँदै लगे।

अब प्रश्न आउँछ कि गीत र कविता छुट्याउने आधार के हो ? सबैभन्दा पहिलो आधार प्रस्तुति हो। गीतको स्वभाव गाइने हुन्छ, कविताको स्वभाव पढिने वा वाचन गरिने। दोस्रो, गीतमा धुनको सम्भावना आवश्यक हुन्छ भने कवितामा धुन अनिवार्य हुँदैन। तेस्रो, गीतमा श्रोतालाई छिट्टै समात्ने छोटो, सम्झनयोग्य र दोहोर्‍याउन मिल्ने पङ्क्तिको महत्व बढी हुन्छ। कविताले भने एउटा विचार वा अनुभूतिलाई लामो समयसम्म विस्तार गर्न सक्छ। चौथो, गीतमा ताल र लयले शब्दको गति निर्धारण गर्छ; कवितामा लय भए पनि त्यो अनिवार्य रूपमा संगीतको तालसँग बाँधिएको हुँदैन। पाँचौं, गीतको अन्तिम रूप दिन संगीत र श्वर आवश्यक पर्न सक्छ, तर कविता कविले लेखिसकेपछि नै पूर्ण साहित्यिक रचना बन्न सक्छ।

यति भन्दैमा दुवैलाई छुट्टाछुट्टै बाकसमा राख्न मिल्दैन। कतिपय कविता यति गीतात्मक हुन्छन् कि पढ्दा नै धुन सुनिएजस्तो लाग्छ। कतिपय गीत यति साहित्यिक हुन्छन् कि संगीत हटाएर पढ्दा पनि उत्कृष्ट कविता जस्तै लाग्छ। यही बीचको क्षेत्रले गीत र कवितालाई अझ रोचक बनाउँछ। गीतिकविता यसको राम्रो उदाहरण हो। भावप्रधान, छोटो र लययुक्त कवितामा गीतको गुण आउन सक्छ भने गम्भीर विचार बोकेको गीतमा कविताको गहिराइ भेटिन सक्छ।

गीत लेख्ने मानिसले पहिलोपटक कुन भाव व्यक्त गर्ने हो भनेर निश्चित गर्नुपर्छ। प्रेमगीत हो भने प्रेमको कुन अवस्था हो ? भेट, प्रतीक्षा, विछोड कि पुनर्मिलन ? सामाजिक गीत हो भने गुनासो मात्र गर्ने कि परिवर्तनको चाहना पनि राख्ने ? विषय स्पष्ट भएपछि मुख्य भाव बोकेको एउटा पङ्क्ति खोज्नुपर्छ। त्यही पङ्क्तिलाई आधार बनाएर मुखडा र अन्तरा बनाउन सकिन्छ। गीत लेख्दा शब्द सुन्दर हुनु मात्र पर्याप्त हुँदैन; गाएर हेर्दा जिब्रोमा अड्किनु हुँदैन, अनावश्यक लामो हुनु हुँदैन र धुनमा सहजै बस्न सक्नुपर्छ।

कविता लेख्दा प्रक्रिया अलि फरक हुन सक्छ। यहाँ कविले आफ्नो अनुभवलाई सीधै बयान गर्नुभन्दा त्यसलाई दृश्य, बिम्ब, प्रतीक वा संकेतमार्फत प्रस्तुत गर्न सक्छ। उदाहरणका लागि 'म एक्लो छु' भन्नुको सट्टा –

"भीडले भरिएको चोकमा
मेरो छाया मात्र
मसँगै हिँडिरहेको थियो।"

भनियो भने एक्लोपनको अनुभूति अझ गहिरो बन्न सक्छ। कविता लेख्ने क्रममा शब्द थोरै भए पनि अर्थ धेरै खोल्ने प्रयास गर्नुपर्छ। एउटा राम्रो कविताले पाठकलाई उत्तर मात्र दिँदैन, कहिलेकाहीँ नयाँ प्रश्नसमेत छोडेर जान्छ।

आज गीत र कविताको क्षेत्र झन् फराकिलो भएको छ। गीत रेडियो, रेकर्ड र मञ्चबाट डिजिटल माध्यमसम्म आइपुगेको छ। कविता पुस्तकको पानाबाट सामाजिक सञ्जाल, मञ्चीय वाचन, भिडियो र सार्वजनिक प्रस्तुतिसम्म पुगेको छ। नयाँ पुस्ताले छोटा कविता, स्पोकन वर्ड, र्‍याप, गजल, गीत तथा मिश्रित प्रस्तुति प्रयोग गरिरहेको छ। यसले पुराना रूप हराएका होइनन्; बरु नयाँ माध्यमले अभिव्यक्तिका थप ढोका खोलेका छन्। आज एउटा कविताले केही मिनेटमै हजारौँ मानिसको ध्यान तान्न सक्छ भने एउटा गीतले संसारका फरक भूगोलमा रहेका मानिसलाई एउटै भावनामा जोड्न सक्छ।

गीत र कविता दुवैको मूल शक्ति शब्दमा होइन, शब्दले जन्माउने अनुभूतिमा हुन्छ। सुन्दर शब्द थुपारेर मात्र राम्रो गीत बन्दैन, कठिन शब्द प्रयोग गर्दैमा उत्कृष्ट कविता पनि बन्दैन। पाठक वा श्रोताको मनमा केही समयसम्म बसिरहने भाव, विचार वा प्रश्न सिर्जना गर्न सक्नु नै सफल सिर्जनाको वास्तविक परीक्षा हो। गीतले शब्दलाई श्वर र धुनको सहारा दिएर मनसम्म पुर्‍याउँछ; कविताले शब्दकै बाटोबाट पाठकको कल्पनालाई सक्रिय बनाउँछ। त्यसैले गीत र कविता दुई प्रतिस्पर्धी विधा होइनन् –एउटाले भावनालाई गुनगुनाउन सिकाउँछ, अर्कोले त्यही भावनालाई गहिरिएर सोच्न बाध्य बनाउँछ। यही कारणले मानिसको सभ्यता जति आधुनिक हुँदै गए पनि गीत र कविता पुराना हुँदै गएका छैनन्; बरु हरेक पुस्ताले तिनमा आफ्नो समय, आफ्ना प्रश्न र आफ्नै आवाज थप्दै नयाँ अर्थ दिइरहेको छ।

अर्थमन्त्री ...

राष्ट्रवादी भै अरु पार्टीका नेताहरु भ्रष्ट बेइमान र अराष्ट्रवादी भएको भ्रमले ग्रस्त पारेको छ। आफूले सम्हालेको अर्थमन्त्रालयको आर्थिक अवस्था चौपट्ट बनेको र जताततै भ्वाङ परेको बेला भारतीय भूमिमा गएर अर्थमन्त्री वाग्लेले दिएको अभिव्यक्तिले हलचल मच्चाएको छ।

यसअघि प्रधामन्त्री शाह पनि नेपालले पनि भारतको भूमि मिचेको भनेर दिएको अभिव्यक्तिको रापताप सेलाउन नपाउँदै अर्थमन्त्री वाग्लेजस्तो प्राज्ञिक पृष्ठभूमिका नेताले देशको हित भन्दा अहितका लागि छिमेकी देशको मिडियामा ओकल्न थाले भने के हुन्छ ? अर्थमन्त्री वाग्लेले गत कार्तिक ६ गते (२३ अक्टोबर २०२६) मा भारत विरोधी राष्ट्रवादको युग सकिएको बताएपछि नेपालको सार्वभौम हित र परराष्ट्र र परराष्ट्र नीति बाभिएको जानकारहरुले बताएका छन्। नेपालको सिमाना भारतले मिच्दा चूँसम्म नबोल्ने रास्वपा नेतृत्वको सरकार र पार्टी नेताहरुले भारतप्रति देखाएको भक्तिभावलाई आआफ्नो स्वार्थका व्याख्या गर्ने गरेको चर्चा चलेको छ।

बालेनलाई सत्ता टिकाउन, सभापति लामिछानेलाई शक्तिशाली पार्टीको सभापतिबाट प्रधानमन्त्री बन्ने महत्वकांक्षा र अर्थमन्त्री वाग्ले पनि भ्रिँगे दाउ हानेर सकेसम्म भारतको आशीर्वादमा शक्तिशाली बन्ने अभियानमा लागेको जानकारहरुले बताएका छन्। १८२ सिटको रास्वपाको सरकारमा बालेनको हाली मुहाली रजगज भएको देख्दा लामिछाने र वाग्लेलाई डाहा लागेर रास्वपा अहिले तीन तहमा बाँडिएको चर्चा छ।

पूर्वाधार ...

चर्चा चलेको छ। गत वर्ष भदौ २३-२४ को जेनजी आन्दोलन हुनु अगावै तात्कालीन मन्त्री देवेन्द्र दहाल र त्यतिबेलाका भौतिक सचिव केशव शर्माले सरुवाबाट राम्रै शुभलाभ गरेको बताइएको छ। त्यसपछि बनेको राष्ट्रिय स्वतन्त्र पार्टीको सरकारका पूर्वाधार विकास मन्त्री र (भौतिक शहरी र खानेपानी एकीकृत) सुनिल लम्सालले चासो नलिँदा सरुवा गर्नुपर्ने समयमा र्‍याल काढेर सचिव गोपाल सिग्देल अवकाश भएका बताइएको छ।

नयाँ सचिव चयन हुँदा दशैंले छोएर रोकिएको सरुवा तिहार अघि हुने चर्चा व्यापक छ। सरुवा हुने सुईहरुमा ई. चुडाराज ढकाल (एडीबी निर्देशनालय), ई. ललिजन खनाल (पुल महाशाखा) र थानेश्वर खत्रीको हल्ला छ भने सिडिईहरुमा सुमन योगेश भक्तपुर, गोपाल खकुरेल ललितपुर, पारस हमाल खाल्टे सिन्धुली, सुनिलबाबु पन्त र जगत प्रजापति काँकडभिट्टा- लौकही पूर्व एवं पश्चिम खण्ड, अरुणलाल कर्ण चन्द्रनिगाहपुर, दीपेन्द्र विष्ट दाङ, नरेन्द्र भट्ट नेपालगञ्ज, राजेश यादव महेन्द्रनगर र सविन कोइराला शिवपुर छन्।

करिव २५-३० जना सिडिईहरुको दुई वर्ष पुगिसकेको श्रोतले बताएको छ। अहिले पूर्वाधार विकास मन्त्रालयमा मन्त्री, सचिव र महानिर्देशकहरुको समूह मिलेकोले निर्माण कार्यहरु समयमै भैरहेको बताइएको छ।

एमाले ...

कार्यक्रमहरूमा संगठनलाई काममा लगाउने, कार्यकर्ताको सक्रियता बढाउने र पार्टीमाथिका चुनौतीको सामना गर्ने विषयलाई उनले प्राथमिकता दिइरहेका छन्। यहाँ एउटा स्वाभाविक प्रश्न उठ्छ कि ओलीको नेतृत्वमा एमाले कति लामो समयसम्म चल्ने भन्ने होइन, ओलीको अनुभवलाई उपयोग गर्दै ओलीपछिको एमाले कस्तो बनाउने भन्ने।

यही प्रश्नमा विद्यादेवी भण्डारीको राजनीतिक पुनःउपस्थितिले अर्थ राख्छ। पूर्वराष्ट्रपति भण्डारीलाई वरिष्ठ नेताको जिम्मेवारी दिइनु सामान्य संगठनात्मक पदपूर्ति मात्र हो भनेर बुझ्दा यसको सम्भावित राजनीतिक प्रभाव छुट्न सक्छ। यसको अर्थ तत्काल कुनै नेतृत्व परिवर्तन हुन्छ भन्ने पनि होइन। बरु एमालेको भविष्यको शक्ति संरचनामा अर्को प्रभावशाली पात्र औपचारिक रूपमा उपस्थित भएको तथ्य हो। एमालेको आधिकारिक संरचनामा अहिले ओली अध्यक्ष र भण्डारी वरिष्ठ नेताका रूपमा देखिन्छन्।

भण्डारीको भूमिका कस्तो हुन्छ भन्ने कुरा पदले होइन, आगामी व्यवहारले निर्धारण गर्नेछ। उनी पार्टीभित्र कति सक्रिय हुन्छिन् ? नयाँ पुस्तासँग उनको सम्बन्ध कस्तो बन्छ ? पार्टीका वैचारिक तथा संगठनात्मक बहसमा उनी कति हस्तक्षेपकारी हुन्छिन् ? सबैभन्दा महत्वपूर्ण, ओलीसँग उनको राजनीतिक सहकार्यको स्वरूप कस्तो रहन्छ ? यी प्रश्नको उत्तर नआएसम्म भण्डारीको पुनरागमनबारे ठूलो राजनीतिक निष्कर्ष निकाल्नु हतार हुनेछ।

उनको हालैको चीन भ्रमणलाई पनि त्यसैगरी संयमपूर्वक हेर्नुपर्छ। भण्डारी चीनको स्योङआनमा आयोजित ग्लोबल गभर्नेन्स फोरममा सहभागी भएकी थिइन्, जहाँ विभिन्न देशका राजनीतिक, कूटनीतिक, बौद्धिक तथा अन्य क्षेत्रका प्रतिनिधिहरू सहभागी थिए। यसलाई नेपालको आन्तरिक राजनीतिक समीकरणसँग जोडेर तत्काल कुनै निष्कर्ष निकाल्नुभन्दा एउटा फराकिलो पक्ष हेर्नु उपयोगी हुन्छ, त्यो के भने भण्डारी अब फेरि सार्वजनिक राजनीतिक गतिविधिमा देखिन थालेकी छन् र उनको अन्तर्राष्ट्रिय परिचय पनि राजनीतिक जीवनको एउटा पूँजीका रूपमा रहेको छ।

अब यसको अर्को पाटो वाम राजनीतिसँग जोडिन्छ। नेपालका कम्युनिष्ट शक्तिहरूको समस्या संख्या कम हुनु मात्र होइन; उनीहरूबीच विचार, नेतृत्व र संगठनको दूरी पनि उत्तिकै ठूलो छ। एमालेले आफ्नो शक्ति पुनःसुदृढ गर्न सक्यो भने त्यसको असर अरू वाम दलमा अवश्य पर्नेछ तर एमाले बलियो हुँदैमा वाम एकता स्वतः सम्भव हुन्छ भन्ने छैन। बरु एमालेले आफूलाई कस्तो राजनीतिक केन्द्रका रूपमा प्रस्तुत गर्छ भन्ने कुराले अरू कम्युनिष्ट शक्तिको प्रतिक्रिया निर्धारण गर्न सक्छ।

यहाँ एमालेले एउटा कठिन सन्तुलन मिलाउनुपर्नेछ। एकातिर आफ्नो परम्परागत मतदाता र कार्यकर्ताको विश्वास जोगाउनुपर्नेछ, अर्कोतिर नयाँ पुस्तालाई पनि आफ्नो राजनीतिक भविष्यसँग जोड्नुपर्नेछ। पुरानो विचार छाडेर नयाँ बन्न खोज्दा आधार कमजोर हुन सक्छ; पुरानै ढाँचामा अडिएर बस्दा नयाँ पुस्ता टाढिन सक्छ। त्यसैले एमालेको आगामी यात्रा विचार त्याग्ने होइन, विचारलाई नयाँ समयअनुकूल बनाउने दिशामा जानुपर्ने देखिन्छ।

यसका लागि एमालेले अब भाषणभन्दा परिणामको राजनीति गर्नुपर्नेछ। आर्थिक अवसर, रोजगारी, शिक्षा, प्रविधि, उत्पादन, सुशासन र राज्यप्रतिको नागरिक विश्वासजस्ता विषयमा पार्टीले आफ्ना पुराना नाराभन्दा फरक उत्तर दिन सक्नुपर्छ। कार्यकर्तालाई केवल चुनावका बेला परिचालन गर्ने होइन, समाजका दैनिक समस्यासँग जोडिएको राजनीतिक शक्ति बनाउनु आवश्यक छ।

एमालेले राष्ट्रिय भेलाको तयारी पनि अघि बढाइरहेको छ। यो भेला केवल संगठनात्मक कार्यक्रम बनेर सीमित हुन्छ कि पार्टीको आगामी राजनीतिक दिशाबारे नयाँ बहसको थालनी गर्छ, यसले पनि धेरै कुरा बताउनेछ।

एमालेको प्रश्न अहिले 'कति ठूलो पार्टी बन्ने ?' भन्दा 'कस्तो पार्टी बन्ने ?' भन्ने हो। ओलीको अनुभव एमालेको ठूलो राजनीतिक सम्पत्ति हो। भण्डारीको पुनरागमनले अर्को सम्भावनाको ढोका खोलेको छ। नयाँ पुस्तालाई स्थान दिने प्रयासले संगठनमा नयाँ रक्तसञ्चार गर्न सक्छ तर यी सबैलाई एउटै राजनीतिक उद्देश्यमा जोड्न नसके गतिविधिहरू गतिविधिमै सीमित हुनेछन्।

एमालेका लागि अबको चुनौती विपक्षीसँग प्रतिस्पर्धा गर्नु मात्र होइन, आफ्नै विगतसँग प्रतिस्पर्धा गर्नु हो। हिजोको एमालेले जुन कारणले जनताको विश्वास जितेको थियो, आजको एमालेले त्यही कारण दोहोर्‍याएर मात्र पुग्दैन। बदलिएको समाजलाई बदलिएको उत्तर चाहिएको छ।

त्यसैले एमालेको आगामी यात्रा वास्तवमा एउटा पार्टीको यात्रा मात्र होइन। यसले नेपालको वाम राजनीतिले पुरानो ढाँचाबाट बाहिर निस्केर नयाँ राजनीतिक सम्बन्ध, नयाँ नेतृत्व र नयाँ एजेन्डा बनाउन सक्छ कि सक्दैन भन्ने प्रश्नको उत्तर पनि दिनेछ। एमाले अब आफूलाई जोगाउने चरणमा छ कि आफूलाई फेरि बनाउने चरणमा भन्ने कुरा आगामी दिनले यही फैसला गर्नेछ।

कांग्रेस ...

ड्यासिङ दिन मोहनबहादुर बस्नेतको नाम पनि चर्चामा ल्याइएको छ तथापि नयाँ खोल्ने तयारी गरिएको पार्टीमा काँग्रेसका पुराना टन्न अघाएकाहरु नजाने र काँग्रेसमा पनि नजाने अवस्था आउन सक्ने समाचार श्रोतले बताएको छ।

यसैबीच गगन कुमार थापा नेतृत्वको नेपाली कांग्रेसका १५औं महाधिवेशनबाट निर्वाचित पदाधिकारीहरुको पद तथा गोपनीयताको शपथ हिजो विहीबार गरिएको छ। निर्वाचित २३१ मध्ये सभापति थापाले यसअघि नै शपथ लिइसकेकाले हिजो अरु पदाधिकारीहरुको शपथ गराइएको बताइएको छ।

सरकार ...

पछिल्लो समय भारतसँग संवाद बढाउने प्रयास भएको र स्वयं प्रधानमन्त्रीको सम्भावित भारत भ्रमणको चर्चा चलिरहेको छ। गृहमन्त्री सुदन गुरुङदेखि प्रधानमन्त्रीनिकट व्यक्तिहरूको भूमिकालाई समेत जोडेर अनेक राजनीतिक व्याख्या भइरहेका छन्। सरकारका प्रतिनिधिले भारतसँग सम्पर्क राख्नु आफैंमा अस्वाभाविक विषय होइन।

नेपालको कुनै पनि प्रधानमन्त्रीका लागि दिल्लीसँगको सम्बन्ध इच्छा वा अनिच्छाको मात्र विषय बन्न सक्दैन। नेपालको व्यापार, पारवहन, ऊर्जा, खुला सीमा, सुरक्षा चासोदेखि नागरिक आवागमनसम्म भारतसँग जोडिएका छन्। त्यसैले बालेनले भारतसँग संवाद बढाउनु स्वाभाविक कूटनीतिक आवश्यकता पनि हो। प्रश्न सम्पर्क भयो कि भएन भन्ने होइन, त्यो सम्पर्क नेपालको हितका लागि भयो कि घरेलु सत्ता जोगाउने मानसिकताबाट भयो भन्ने हो। यसको मूल्यांकन प्रमाण र परिणामबाट मात्र गर्न सकिन्छ।

नेपाली राजनीतिक मनोविज्ञानमा भारतको भूमिका सधैँ संवेदनशील विषय रहँदै आएको छ। सरकार अस्थिर हुने चर्चा चल्नासाथ नेताहरूको दिल्ली आवतजावतलाई सत्ता समीकरणसँग जोडेर हेर्ने प्रवृत्ति पुरानै हो। अहिले रविको भ्रमण र बालेनको सम्भावित भ्रमणलाई लिएर उब्जिएका आशंका पनि त्यही राजनीतिक मनोविज्ञानबाट पूर्णतः अलग छैनन्।

राजनीतिक विश्लेषणको अर्को पाटो भने कांग्रेसको भूमिकाले खोल्छ। संसद्को प्रमुख प्रतिपक्ष भएर पनि कांग्रेसले अहिलेसम्म 'सरकार जसरी पनि ढाल्नुपर्छ' भन्ने लाइनलाई आफ्नो मुख्य अभियान बनाएको देखिँदैन। यही अवस्थाले एमालेसहितका कम्युनिष्ट शक्तिको सम्भावित आन्दोलनलाई अझ रोचक बनाएको छ। प्रमुख प्रतिपक्ष नै सत्ता परिवर्तनको हतारमा नरहेको अवस्थामा अन्य विपक्षी शक्तिले गर्ने आन्दोलनले सरकार परिवर्तनको साझा राष्ट्रिय अभियानको रूप लिन सहज हुँदैन।

राजनीतिशास्त्रका जानकारहरूका अनुसार यहाँ 'सरकार ढाल्ने आन्दोलन' र 'सरकार कमजोर बनाउने आन्दोलन' बीच फरक छुट्याउन आवश्यक छ। पहिलोका लागि संसदीय विकल्प चाहिन्छ। दोस्रोका लागि सडक, असन्तुष्टि र जनमत पर्याप्त हुन सक्छ। अहिले कम्युनिष्ट शक्तिहरूका लागि दोस्रो बाटो बढी व्यावहारिक देखिन्छ। सरकारलाई रक्षात्मक बनाउने, उसका कमजोरीलाई जनतासम्म पुर्‍याउने र आफूलाई पुनः राजनीतिक विकल्पका रूपमा प्रस्तुत गर्ने रणनीति तत्काल सत्ता परिवर्तनभन्दा उपयोगी हुन सक्छ।

बालेनका लागि पनि यही कारण खतरा सडकमा जम्मा हुने भीडको संख्यामा मात्र छैन। सरकारले जनताले अनुभूति गर्ने परिणाम दिन सकेन भने विपक्षलाई अतिरिक्त मेहनत आवश्यक पर्दैन। निर्वाचनमा ठूलो विश्वास पाएको सरकारबाट नागरिकको अपेक्षा पनि ठूलो हुन्छ। ठूलो जनादेशसँग ठूलो अधैर्यसमेत जोडिएको हुन्छ।

त्यसैले प्रधानमन्त्रीको सबैभन्दा प्रभावकारी प्रतिरक्षा प्रहरीको घेरा, संसदीय संख्या वा छिमेकीसँगको निकटता होइन कि कामको परिणाम हो।

रोजगारी, सुशासन, सार्वजनिक सेवा, अर्थतन्त्र, भ्रष्टाचार नियन्त्रण र नागरिकको दैनिक जीवनमा सुधार देखिन थाल्यो भने सरकारविरुद्धको आन्दोलनलाई व्यापक जनसमर्थन जुटाउन विपक्षलाई कठिन हुनेछ। उल्टो, सरकार आफ्नै विवादमा अल्झियो भने विशाल संसदीय शक्ति हुँदाहुँदै पनि राजनीतिक रूपमा एक्लिन सक्छ।

आगामी केही महिना त्यसैले बालेन सरकार र पुराना कम्युनिष्ट शक्ति दुवैका लागि परीक्षा हुन्। एमाले र नेकपाले सडकमा मानिस ल्याउन सक्छन् कि सक्दैनन् भन्ने एउटा परीक्षा हुनेछ। त्योभन्दा ठूलो परीक्षा उनीहरूले जनतालाई 'सरकार किन बदल्नुपर्छ ?' भन्ने विश्वसनीय उत्तर दिन सक्छन् कि सक्दैनन् भन्ने हुनेछ।

उता, बालेनको परीक्षा अझ कठिन छ। उनले विपक्षको सामना मात्र गरेर पुग्दैन; पार्टी सभापति रवि लामिछानेसँग राजनीतिक विश्वास कायम राख्नुपर्छ, सरकारलाई परिणाममुखी बनाउनुपर्छ र भारतसहितका छिमेकीसँगको सम्बन्धलाई घरेलु राजनीतिक शंकाभन्दा माथि राखेर सञ्चालन गर्नुपर्छ।

यसैले तिहारपछि शुरु हुने भनिएको राजनीतिक तातोपन तत्काल सरकार परिवर्तनमै पुग्छ भन्नु हतार हुनेछ। अहिले देखिएको दृश्य सरकार ढाल्ने निश्चित अंकगणितभन्दा सरकारलाई कमजोर पार्ने राजनीतिक वातावरण निर्माण गर्ने प्रयासजस्तो बढी देखिन्छ।

बालेनले पनि ढुक्क भएर बस्ने ठाउँ छैन। बाहिर ओली र दाहालको दबाब, भित्र रविसँगको शक्ति सन्तुलन र दक्षिणतिर भारतसँग सम्बन्ध सहज बनाउने आवश्यकता, यी तीनवटै मोर्चालाई एकसाथ सम्हाल्नुपर्ने अवस्था छ।

संसद्को बलले सरकार जोगिन सक्छ, तर राजनीतिक विश्वास गुमेपछि अंकगणित मात्र पर्याप्त हुँदैन। त्यसैले अबको खेल सडकमा कम्युनिष्टले कति मानिस उतार्छन् भन्नेमा मात्र होइन, सिंहदरबारभित्र बालेनले कति परिणाम निकाल्छन् र रास्वपाको घरभित्र रवि-बालेन सम्बन्ध कति टिकाउ रहन्छ भन्नेमा केन्द्रित हुनेछ। यही त्रिकोणले वर्तमान सरकारको आगामी यात्राको वास्तविक दिशा निर्धारण गर्ने देखिन्छ।

साप्ताहिक राशिफल

मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)
यो साता रोकिएका कामलाई फेरि गति दिने अवसर मिल्नेछ। शुरुमा केही अलमल देखिए पनि मध्य सातापछि परिस्थिति अनुकूल बन्दै जानेछ। कार्यक्षेत्रमा तपाईंको सक्रियताको प्रशंसा हुन सक्छ। आर्थिक मामिलामा हतारमा निर्णय नगर्नु राम्रो हुनेछ। परिवारका सदस्यसँगको सम्बन्धमा आत्मीयता बढ्नेछ। लामो समयदेखि सम्पर्कमा नरहेको व्यक्तिसँग भेटघाट वा कुराकानी हुन सक्छ। स्वास्थ्य सामान्य रहनेछ, तर खानपान र आराममा ध्यान दिनु होला।

वृष (इ, उ, ए, ओ, वा, वि, वु, वे, वो)
मेहनतअनुसार परिणाम प्राप्त गर्ने समय छ। व्यवसाय वा रोजगारीमा नयाँ जिम्मेवारी आउन सक्छ। आर्थिक क्षेत्रमा सुधारको संकेत देखिए पनि अनावश्यक खर्चले बचतमा असर पार्न सक्छ। आफन्त वा साथीभाइसँगको भेटले मन प्रसन्न बनाउनेछ। पारिवारिक निर्णयमा तपाईंको भूमिका महत्त्वपूर्ण रहनेछ। अध्ययनमा रहेका व्यक्तिले एकाग्र भएर अघि बढे राम्रो उपलब्धि हात पार्न सक्नेछन्। यात्राको अवसर आए सावधानी अपनाउनु होला।

मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, हा)
नयाँ योजना बनाउने र पुराना कामलाई व्यवस्थित गर्ने साता हो। कामको चाप बढे पनि तपाईंले बुद्धिमत्तापूर्वक व्यवस्थापन गर्न सक्नुहुनेछ। आर्थिक रूपमा सामान्यदेखि राम्रो अवस्था रहनेछ। साथीभाइबाट सहयोग प्राप्त हुन सक्छ। प्रेम तथा पारिवारिक सम्बन्धमा अनावश्यक शंका नगर्नु राम्रो हुनेछ। बोल्दा सोचेर बोल्नुहोला, सानो कुराले पनि विवादको रूप लिन सक्छ। स्वास्थ्यमा निद्रा र मानसिक आरामलाई प्राथमिकता दिनु उपयुक्त हुनेछ।

कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)
भावनात्मक रूपमा केही उतारचढाव आए पनि समग्रमा साता सकारात्मक रहनेछ। कार्यक्षेत्रमा जिम्मेवारी थपिन सक्छ र त्यसले भविष्यमा फाइदा पुर्‍याउनेछ। रोकिएको आर्थिक काम अघि बढ्ने सम्भावना छ। परिवारका ज्येष्ठ सदस्यको सल्लाह उपयोगी हुनेछ। नयाँ व्यक्तिसँगको परिचय भविष्यमा महत्त्वपूर्ण बन्न सक्छ। प्रेम सम्बन्धमा आत्मीयता बढ्नेछ। टाढाको यात्राभन्दा नजिकको भेटघाटले बढी सन्तुष्टि दिने देखिन्छ।

सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)
आफ्नो क्षमता देखाउने अवसर प्राप्त हुनेछ। काममा नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्ने अवस्था आउन सक्छ। नयाँ जिम्मेवारीबाट नआत्तिनुहोस्, यसले तपाईंको पहिचान विस्तार गर्न सक्छ। आर्थिक कारोबारमा सावधानी आवश्यक छ। परिवारमा लामो समयदेखि रहेको सानो असमझदारी हट्ने सम्भावना छ। सामाजिक क्षेत्रमा तपाईंको सक्रियताको चर्चा हुन सक्छ। स्वास्थ्यका दृष्टिले थकान र तनाव कम गर्न पर्याप्त आराम आवश्यक देखिन्छ।

कन्या (टो, पा, पि, पु, ष, ण, ठ, पे, पो)
योजना बनाएर अघि बढ्दा यो साता निकै फलदायी बन्न सक्छ। अधुरा काम पूरा गर्ने मौका मिल्नेछ। रोजगारी वा व्यवसायमा नयाँ सम्भावनाको ढोका खुल्न सक्छ। आर्थिक लाभको अवसर आए पनि कागजी प्रक्रिया राम्ररी बुझेर मात्र निर्णय गर्नुहोला। विद्यार्थीका लागि अध्ययनमा प्रगति हुने समय छ। परिवारमा खुसीको वातावरण बन्नेछ। प्रेम सम्बन्धमा रहेको अन्योल हट्न सक्छ। स्वास्थ्य सामान्य रहनेछ।

तुला (रा, रि, रु, रे, रो, ता, ति, तु, ते)
सम्बन्ध र सहकार्यका हिसाबले साता महत्त्वपूर्ण रहनेछ। अरूको सहयोगबाट आफूले सोच्दै आएको काम अघि बढाउन सकिनेछ। कार्यक्षेत्रमा तपाईंको विचारले स्थान पाउनेछ। आर्थिक क्षेत्रमा मध्यम अवस्था रहे पनि साताको उत्तरार्धमा सुधार देखिन्छ। परिवारमा कुनै शुभ समाचार आउन सक्छ। प्रेम सम्बन्धमा विश्वास बढ्नेछ। यात्राका क्रममा नयाँ परिचय बन्न सक्छ। निर्णय गर्दा भावनाभन्दा व्यवहारिक पक्षलाई प्राथमिकता दिनु राम्रो हुनेछ।

वृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)
लामो समयदेखि प्रतीक्षा गरिएको कुनै समाचार प्राप्त हुन सक्छ। काममा प्रतिस्पर्धा बढे पनि आफ्नो क्षमतामा विश्वास राख्नुभयो भने सफलता मिल्नेछ। आर्थिक कारोबारमा सावधानी अपनाउनुहोला। साथीभाइमध्ये कसैसँग भएको असमझदारी संवादबाट समाधान गर्न सकिनेछ। पारिवारिक वातावरण सुखद रहनेछ। नयाँ काम सुरु गर्नुअघि पर्याप्त तयारी गर्नु लाभदायक हुनेछ। स्वास्थ्यमा पेट तथा निद्रासम्बन्धी समस्या देखिए खानपानमा ध्यान दिनुहोला।

धनु (ये, यो, भा, भि, भु, धा, फा, ढा, भे)
नयाँ सम्भावनातर्फ अघि बढ्ने समय छ। कामका सिलसिलामा नयाँ व्यक्तिसँग सहकार्यको अवसर मिल्न सक्छ। आर्थिक रूपमा अपेक्षा गरेभन्दा राम्रो परिणाम प्राप्त हुन सक्छ। विदेश वा टाढाको स्थानसँग सम्बन्धित काममा प्रगति हुनसक्छ। परिवारमा तपाईंको उपस्थितिले खुसी बढाउनेछ। प्रेम सम्बन्धमा पुराना गुनासा बिर्सेर नयाँ सुरुवात गर्ने वातावरण बन्न सक्छ। यात्रा गर्दा समय व्यवस्थापनमा ध्यान दिनुहोला।

मकर (भो, जा, जि, जु, जे, जो, खा, खि, खु, खे, खो, गा, गि)
मेहनतको प्रतिफल प्राप्त गर्ने साता हो। कार्यालय वा व्यवसायमा तपाईंको कामको मूल्यांकन हुन सक्छ। नयाँ जिम्मेवारीसँगै आर्थिक लाभको सम्भावना पनि देखिन्छ। खर्च भने नियन्त्रणमा राख्नुहोला। घरपरिवारका सदस्यसँग महत्वपूर्ण विषयमा छलफल हुन सक्छ। विद्यार्थीका लागि मेहनतअनुसार राम्रो नतिजा आउने संकेत छ। शारीरिक थकानलाई बेवास्ता नगर्नुहोस्।

कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द)
नयाँ विचारले तपाईंलाई अघि बढाउनेछ। लामो समयदेखि मनमा रहेको योजना कार्यान्वयन गर्ने अवसर मिल्न सक्छ। काममा केही चुनौती आए पनि अनुभवका आधारमा समाधान निकाल्न सक्नुहुनेछ। आर्थिक क्षेत्रमा सामान्य सुधार हुनेछ। सामाजिक तथा पारिवारिक सम्बन्धमा आत्मीयता बढ्नेछ। प्रेम सम्बन्धमा सकारात्मक परिवर्तन आउन सक्छ। अनावश्यक बहसबाट टाढा रहनु राम्रो हुनेछ। स्वास्थ्यमा पानी र आरामको मात्रा बढाउनुहोला।

मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि)
साता उत्साहजनक रहनेछ। रोकिएका काम क्रमशः पूरा हुनेछन्। नयाँ अवसर प्राप्त भए त्यसलाई तत्काल अस्वीकार नगरी सम्भावनाका पक्ष हेर्नुहोला। आर्थिक लाभको बाटो खुल्न सक्छ। परिवारमा खुशीको वातावरण रहनेछ। आफन्त वा पुराना मित्रसँगको भेटले पुराना सम्झना ताजा गराउनेछ। प्रेम तथा दाम्पत्य सम्बन्धमा समझदारी बढ्नेछ। मानसिक रूपमा आफूलाई हलुका राख्न प्रकृतिसँग समय बिताउनु लाभदायक हुनेछ।

लोकतन्त्रप्रति पूर्ण समर्पित
साप्ताहिक
नयाँ विमर्श
Naya Bimarsha Weekly

किसानहरुका लागि सुवर्ण अवसर
रासायनीक मल न्यूनिकरण गर्दै
माटो सुधार्न, उत्पादन बढाउन, जैविक खेती गर्न
सबै किसिमको एकमात्र रोजाई
BLACk/Gold Brand का
भर्मी कम्पोष्ट, भर्मी प्लस (दानेदार मल)
सोयल केयर (कण्डिसनर), बायोपेष्टीसाइड (M-BTA)
प्रयोग र डिलरको लागि आजै सम्पर्क गर्नुहोस्।
सम्पर्क नं. ९८०८०३२८२०/९८५११६६२३०
किसान स्मार्ट कन्ट्रयाक फार्मिङ नेपाल प्रा.लि.



दूर दृष्टि डिजिटल प्रा.लि.
सम्पर्क: मनिषजी मो.नं.९८५१३६०६२१

‘गाउँघरै घमाइलो’ सार्वजनिक



काठमाडौं/ नेपाली माटोको सुवास, गाउँघरको आत्मीयता र मौलिक संस्कृतिको रङ समेटिएको तिहार विशेष गीत ‘गाउँघरै घमाइलो’ को म्युजिक भिडियो सार्वजनिक भएको छ। २०८३ सालको तिहारलाई लक्षित गरी तयार पारिएको यस गीतले नेपाली समाजको सांस्कृतिक परम्परा, चाडपर्वको उल्लास र पारिवारिक आत्मीयतालाई गीत-संगीतमार्फत प्रस्तुत गरेको छ।

पूर्वी नेपालका गीतकार तथा पूर्वन्यायाधीश भीमकुमार ओझाको शब्द र आफ्नै लगानीमा तयार भएको उक्त गीत उहाँकै आधिकारिक युट्युब च्यानल Bhim Kumar Ojha Official मार्फत सार्वजनिक गरिएको हो।

गीतमा चर्चित संगीतकार सन्तोष बिसीको संगीत तथा सन्तोष बिसी, अञ्जु गौतम, जुन प्रसाई र पार्वती भुजेलको स्वर रहेको छ। नारायण दङ्गालले संगीत संयोजन गरेको गीत बागबजारस्थित शङ्करा रेकर्डिङ स्टुडियोमा रेकर्ड गरिएको हो। गीतको रेकर्डिङमा सागर पुन तथा मिक्सिङ र मास्टरिङमा इन्जिनियर कुमार सानुको प्राविधिक योगदान रहेको छ।

चर्चित कोरियोग्राफर यम गुरुङको कोरियोग्राफी रहेको म्युजिक भिडियोमा गीतकार ओझा स्वयं, उहाँकी धर्मपत्नी देवी ओझा, आयुष्मा खत्री, सरिता ओझा, सुधीर श्रेष्ठ, रिना थापा मगर, अनिस क्षत्री र ज्योति खड्काको अभिनय देख्न सकिन्छ।

गीतकार ओझाका अनुसार ‘गाउँघरै घमाइलो’ मनोरञ्जनमा मात्र सीमित सिर्जना नभई गाउँघरको सम्झना, नेपालीपनको मिठास र पुस्तौंदेखि हस्तान्तरण हुँदै आएका संस्कार तथा संस्कृतिप्रतिको प्रेम अभिव्यक्त गर्ने प्रयास हो। आधुनिकताको बढ्दो प्रभावसँगै ओझेल पर्दै गएका मौलिक संस्कार र सांस्कृतिक परम्परालाई नयाँ पुस्तामाझ परिचित गराउँदै तिनको संरक्षण र निरन्तरतामा योगदान पुऱ्याउनु गीतको प्रमुख उद्देश्य रहेको उहाँले बताउनुभयो।

तिहारको झिलिमिली, आँगनमा बल्ने दीप, देउसी-भैलोको गुञ्जन, दाजुभाइ तथा दिदीबहिनीबीचको आत्मीयता र आफन्तजनको न्यानो मायाजस्ता पक्ष नेपाली जनजीवनका अभिन्न हिस्सा हुन्। गीतले यिनै सांस्कृतिक विम्ब र भावनालाई शब्द, संगीत तथा दृश्यका माध्यमबाट जीवन्त बनाउने प्रयास गरेको छ।



विज्ञापन कारोबार व्यवस्थित गरौं

- विज्ञापन सम्बन्धी कारोबार गर्ने सञ्चारमाध्यम तथा विज्ञापन एजेन्सीहरु प्रचलित कानून बमोजिम विज्ञापन बोर्डमा सूचीकरण गराऔं,
- सूचीकरण भएका सञ्चारमाध्यम तथा विज्ञापन एजेन्सीहरु प्रत्येक वर्ष तोकिएको समयभित्र नवीकरण गराऔं,
- सूचीकरण तथा नवीकरणका लागि आवश्यक विवरण र कागजात अद्यावधिक गरौं,
- विज्ञापन कारोबारलाई व्यवस्थित, पारदर्शी, मर्यादित र जवाफदेही बनाऔं,
- विज्ञापन प्रकाशन तथा प्रसारण गर्दा प्रचलित नियम, कानून तथा मापदण्डको पालना गरौं,
- भ्रामक, झुटा, अतिरञ्जित तथा उपभोक्ताको हितविपरीतका विज्ञापनको प्रचार-प्रसार नगरौं,
- विज्ञापनदाता, सञ्चारमाध्यम र विज्ञापन एजेन्सीबीचको कारोबारलाई पारदर्शी र अभिलेखयोग्य बनाऔं,
- सूचीकरण र नवीकरण केवल कानूनी प्रक्रिया मात्र होइन, जिम्मेवार विज्ञापन कारोबारको आधार हो भन्ने कुरा आत्मसाथ गरौं।

जिम्मेवार विज्ञापन बजार निर्माणमा सहयोग गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

Chief-Editor/Publisher : **Koushal Kumar Bhattarai,** Editor : **Krishna Lamsal,** Executive Editor : **Piamani Bhattarai,** Legal Advisor : **Advocate Hari Sharan Jamakatel,**
Chief Reporter: R. Aryal, International News Coordinator: S. Bhattarai,, I.T. Chief: Spandan Bhattarai, Computer Designer: Roshan Gyewali, Press :- Saptarshi Publication, Mitrapark , Kathmandu
Main Office : **Madhyapur Thimi- 3, Bhaktapur, Kathmandu Office-Babar Mahal, Kathmandu,** Phone :- 977-1-5367064, Email : **nayabimarsha@gmail.com**